आर्थिक मामिला तथा योजना मन्त्री

बैजनाथ चौधरी (थारू) ले

प्रदेशसभा बैठकमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

प्रदेश सरकार

लुम्बिनी प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, रूपन्देही

नेपाल

२०७८ साल आषाढ १ गते

मङ्गलबार

**माननीय सभामुख महोदय,**

१. मुलुक कोभिड-१९ को दोश्रो भेरियन्टको कारण आक्रान्त भैरहेको विषम परिस्थितिमा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी एवम् तदनुरूप प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने अवसरका लागि माननीय मुख्यमन्त्रीज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु।

२. सर्वप्रथम देश र जनताको निमित्त जीवन अर्पण गर्ने सबै ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दै सम्पूर्ण सहिदका परिवार, बेपत्ता नागरिक तथा घाइते योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३. यस अवसरमा कोभिड -१९ को कारण सहादत प्राप्त गर्नुभएका सम्पूर्ण प्रदेशवासीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु। त्यसैगरी हाल उपचार गराइरहनु भएका सम्पूर्ण प्रदेशवासी संक्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु।

४. हाल विश्वमा फैलिएको कोभिड-१९ को दोश्रो भेरियन्टको कारण समग्र राष्ट्रको साथै हाम्रो प्रदेश समेत आक्रान्त बनेको छ। लुम्बिनी प्रदेशका बाँके, रूपन्देही, दाङ लगायतका जिल्लाहरू यस बीचमा अत्यधिक प्रभावित रहे। प्रदेशका बाह्रवटै जिल्लामा यसको असर पर्न गयो। यस महामारीबाट कुनै पनि स्थानीय तह अछुतो रहन सकेन।

५. कोभिड-१९ को दोश्रो भेरियन्टको असर हामीले अनुमान गरेभन्दा जटिल र विषम हुन पुग्यो। त्यसैले हाम्रा स्वास्थ्य संरचना र जनशक्ति न्यून मात्र नभई वास्तवमै अपुग भएको हामीले महशुस गऱ्यौं।

६. कोभिडको दोश्रो भेरियन्टको रोकथाम र उपचारमा प्राणवायुको रूपमा रहेको अक्सिजनको व्यवस्थापनको विषय ज्यादै संवेदनशील हुन पुग्यो। यसपूर्व अक्सिजनको आपूर्तिको विषयमा कहीँकतै प्रश्न नउठेकोमा यसपटक त कोभिड र अक्सिजन परस्परमै पर्यायवाची शब्द बने। लाग्थ्यो कि कोभिडको दोश्रो भेरियन्टको उपचार भनेको केवल अक्सिजनको आपूर्ति हो। अक्सिजनको माग यसरी बढ्यो कि यसलाई प्रतिशतमा होइन गुणात्मक हिसाबले समेत जटिल स्थिति बन्यो।

७. कोभिडको नियन्त्रण र उपचारमा निजी क्षेत्रको भूमिका पहिलेको तुलनामा एकहदसम्म बढेको भए तापनि सरकारी स्वास्थ्य संस्थाहरूमा नै यसको अत्यधिक चाप परेको हामीले पायौं। आखिर अप्ठेरो पर्दा अन्तिम विकल्प भनेको त सरकार र सरकारी संयन्त्र नै रहेछ भन्ने कुरा प्रमाणित पनि भएको छ । म सम्पूर्ण प्रदेशवासीलाई प्रदेश सरकारप्रतिको आशा तथा भरोसा गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

८. कोभिडको असर र प्रभाव तत्कालीन रूपमा उपचार र नियन्त्रणमा देखिए तापनि मध्यमकालीन र दीर्घकालीन रूपमा समग्र अर्थतन्त्रमा परेको छ। कोभिड -१९ को पहिलो चरणको प्रभावबाट अर्थतन्त्रले गति लिँदा नलिदै दोश्रो चरणको महामारीको मार हामीले खेप्नु पर्‍यो। जसले गर्दा कोभिडको पहिलो चरणबाटै थला परेको र उठ्न नभ्याएका आर्थिक गतिविधिहरू थप थला परे भने भर्खरै उठ्न शुरू भएका आर्थिक गतिविधिहरू समेत पुनः निरूत्साहित हुन पुगे।

९. कोभिड- १९ का कारण विदेशमा रहने थुप्रै नेपाली दिदीबहिनी तथा दाजुभाइहरू रोजगारी गुमाई स्वदेश फर्कनु भएको छ भने स्वदेशमा कार्यरत श्रमिक तथा कामदारले समेत रोजगारी गुमाउनु परेको छ । जसले गर्दा रोजगारीको क्षेत्रमा अत्यधिक चाप परेको छ।

१०. एकातर्फ बजारमा सिपयुक्त जनशक्तिको कमी रहेको छ । हामीले खोजेको वेला सिपयुक्त जनशक्ति पाउन सकिरहेका छैनौं भने अर्कोतर्फ थुप्रै युवाशक्ति रोजगार नपाई विदेशिनु परेको विडम्वनापूर्ण स्थिति हाम्रो सामु छ ।

११. कृषिलाई प्रदेशको आर्थिक मेरूदण्डको रूपमा हेरिएको छ । तर तीनै तहका सरकारका विभिन्न प्रकारका कृषि प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरूको वावजुद पनि अर्थतन्त्रमा कृषिको योगदान घट्दो छ । अझै पनि दुई-तिहाई जनशक्तिले आफ्नो पेशा वा व्यवसाय कृषि नै भन्ने गरेको भए तापनि साँच्चै कृषिमा मन लगाएर काम गर्ने उत्साहित कृषिकर्मीको संख्या न्यून रहेको छ । केवल अन्य विकल्प नभएको कारण बाध्य भएर कृषि पेशा अंगाल्नेको संख्या ठुलो रहेको छ ।

१२. कृषि जीवनमुखी व्यवसाय हो । त्यसैले यसमा कुनै न कुनै प्रकारको सहयोग राज्यका तर्फबाट आवश्यक पर्छ । हामी जुनसुकै पेशा वा व्यवसायमा लागेको भए पनि बाँच्नको लागि कृषि उपज नै उपभोग गर्नुपर्छ । त्यसैले कृषि क्षेत्रको विकल्प सुधारिएको र उन्नतस्तरको कृषि क्षेत्र नै हो ।

१३. सरकारको तीनै तहका विभिन्न प्रकारका कार्यक्रमहरू र ठुलो लगानीको वावजुद कृषिको अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन । कृषि आयात बढ्दो छ। पहाडी तथा हिमाली क्षेत्रमा बाँझो जमिनको मात्रा बढ्दै गइरहेको छ भने तराई, भित्री मधेश तथा शहर नजिकका उव्जाउ कृषि जमिनमा प्लटिङ् तथा आवासले ढाक्दै गएको छ ।

१४. कृषि क्षेत्रमा हालसम्म गरिएका सुधारका प्रयासहरू किन सार्थक हुन सकेनन् ? कृषि क्षेत्रको विकासमा प्रदेश सरकारको योगदान तथा भूमिका के हुने ? अन्तर तहको समन्वयलाई कसरी प्रभावकारी बनाउने? दोहोरोपना कसरी हटाउने ? कृषि पेशावाट भाग्दै गरेका युवाशक्तिलाई कृषिमै बाँच्न र रमाउन सक्ने कसरी बनाउने भन्ने विषयमा गम्भीरतापूर्वक विचार गरी यस क्षेत्रको विकासमा प्रदेश सरकारको भूमिका स्पष्ट भई तदनुरूपका कार्यक्रम ल्याउन अब ढिला गर्नु हुन्न भन्ने मलाई लागेको छ।

१५. लुम्बिनी प्रदेश निजी क्षेत्रको लगानीका लागि उपयुक्त स्थान हो भन्ने हाम्रो बुझाई रहेको छ । अवस्थितिका हिसाबले लुम्बिनी प्रदेश देशको बीच भागमा मिनी नेपालको रूपमा रहेको छ । अन्तर्राष्ट्रिय विमानस्थल लगायतका पूर्वाधार, कच्चा पदार्थको उपलव्धता, स्वदेश तथा विदेशको बजारको पहुँच आदि प्रशस्त सम्भावना हुँदाहुँदै पनि निजी क्षेत्रको लगानी अपेक्षित मात्रामा वृद्धि गर्न सकिएको छैन । प्रदेश सरकारको तर्फबाट थप लगानी वृद्धिको सन्दर्भमा चाल्नुपर्ने कदम समेत यथाशीघ्र पहिल्याउन आवश्यक देखिएको छ।

१६. लुम्बिनी प्रदेशमा करिव ४३.७ % जमिन वनजंगलले ढाकेको छ । राष्ट्रिय वनको व्यवस्थापन प्रदेशको एकल अधिकारको रूपमा रहेको भए तापनि वन क्षेत्रवाट प्रदेश संचित कोषमा हुने योगदान अत्यन्तै न्यून रहेको छ । त्यसैगरी प्रदेशमा खानीजन्य उद्योगका सम्भावना धेरै छन् । देशका सिमेन्ट उद्योगहरूमध्ये अधिकांश उद्योग यसै प्रदेशमा रहेका छन् । नदी, खोला र खहरेहरूको संख्या समेत अत्यधिक छ तर यी क्षेत्रवाट समेत अपेक्षित आय प्राप्त हुन सकेको छैन।

१७. प्रदेशको आर्थिक अधिकारहरू सीमित नै रहेको महसुस हामीले गरेका छौं। त्यसको अतिरिक्त प्रदेशको आफ्नो अधिकारको क्षेत्रमा पर्ने करहरूबाट समेत अपेक्षित आय प्राप्त हुन सकेको छैन। जसले गर्दा श्रोत साधनको परिचालनमा संघीय सरकारसँगको निर्भरता अत्यधिक रहेको छ ।

**कोभिड नियन्त्रणमा सरकारको प्रयास**

**माननीय सभामुख महोदय,**

१८. कोभिडको दोश्रो चरण अपेक्षित थियो। त्यसैले सरकारको तर्फबाट गर्नुपर्ने तयारीमा हामी दोश्रो भेरियन्टको असर देखा पर्नुभन्दा पहिले नै शुरू गरिसकेका थियौं। तदनुरूप स्वास्थ्य संस्थाहरूको क्षमता बढाउने र जनशक्ति थप गर्ने कार्यलाई तीव्रताका साथ अघि बढाइएको थियो।

१९. कोभिडको रोकथाम, नियन्त्रण र उपचारका लागि **कोभिड-१९ नियन्त्रण एवम् उपचार कोष** संचालनमा छ। शुरूमा रू. १० करोड प्रदेश सरकारबाट विनियोजन गरी संचालनमा ल्याइएको उक्त कोषमा निजी क्षेत्र तथा अन्य दाताको तर्फबाट रू. ६ करोड २३ लाख बराबरको सहयोग प्राप्त भएको थियो । प्रदेश सरकारले कोषमा रकम कम हुनासाथ थप गर्ने रणनीति अख्तियारी गरी कोषमा रकमको कमी हुन दिइएको छैन। चालु आर्थिक वर्षमा मात्रै पटक पटक गरी प्रदेश सरकारको तर्फबाट रू. ४० करोड थप गरिएको छ।

२०. कोषबाट कोभिडजन्य रोगको निदान एवम् उपचारका लागि चालु आर्थिक वर्षमा संचालक समितिको सिफारिसमा विभिन्न अस्पताल एवम् स्वास्थ्य संस्थालाई रू. ३५ करोड भन्दा बढी रकम उपलब्ध गराइसकिएको छ।

२१. कोभिड-१९ सँग सम्बन्धित उपचारका लागि लुम्बिनी कोरोना विशेष अस्पताल धागो कारखाना बुटवल, भीम अस्पताल भैरहवा रूपन्देही, बेलझुण्डी कोरोना विशेष अस्पताल दाङ र भेरी अस्पताल नेपालगञ्ज बाँके गरी चारवटा अस्पताललाई कोभिड उपचार विशेष अस्पतालको रूपमा सञ्चालनमा ल्याइएको छ। यी अस्पतालको नियमित दरबन्दीमा थप हुने गरी विभिन्न तहमा ५८३ अस्थायी दरबन्दी थप गरी चालु आर्थिक वर्षभरि नै कोभिडजन्य बिरामीको उपचारका लागि जनशक्ति न्यून नहुने व्यवस्था मिलाइएको छ।

२२. कोरोना विशेष अस्पतालमा सिर्जना भएको थप जनशक्तिको लागि चालु आर्थिक वर्षमा अर्थ विविधबाट रू. १८ करोड भन्दा बढी निकासा गरिएको छ। उक्त रकम माथि उल्लेखित कोरोना कोषबाट उपलब्ध गराएको रकमको अतिरिक्त थप हो।

२३. कोभिडको नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन मुख्यमन्त्रीको अध्यक्षतामा चौध पटक PCCMC को बैठक बसी कोभिड -१९ को नियन्त्रण र उपचारका लागि संघीय सरकार एवम् प्रदेश सरकारको तर्फबाट भएका निर्णय कार्यान्वयनका लागि प्रदेशका सबै DCCMC का संयोजकहरू, सुरक्षा निकायका प्रमुखहरू तथा सम्बन्धित मन्त्रालयका पदाधिकारीसँग छलफल एवम् अन्तरक्रिया गर्नुका साथै आवश्यक निर्देशन दिइएको छ।

२४. कोभिड-१९ को दोस्रो भेरियण्टबाट प्रभावित बिरामीको उपचारमा आवश्यक अक्सिजन आपूर्तिको व्यवस्थापनमा सहजीकरण गरिएको छ । अक्सिजन आपूर्ति, सिलिण्डर खरिद तथा अक्सिजन प्लान्टको स्थापना एवम् संचालनका लागि आवश्यक रकम उपलब्ध गराइएको छ ।

२५. स्थानीय तहमा समेत स्वास्थ्य संस्थाको पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापनको लागि नियमित अनुदानको अतिरिक्त थप रकम उपलब्ध गराइएको छ ।

२६. कोभिड-१९ को उपचारमा सर्वसाधारण जनताको पहुँच सुनिश्चित गर्न प्रदेश सरकारका सबै स्वास्थ्य संस्थामा कोभिड उपचार निःशुल्क हुने व्यवस्था मिलाइएको छ ।

२७. प्रदेश मातहतका विभिन्न अस्पतालहरूमा कोभिड उपचारको लागि ICU वेड ९६, HDU वेड २०५ र ४८ थान भेन्टिलेटरको थप व्यवस्था गरी संचालनमा ल्याइएको छ ।

२८. कोभिड-१९ को नियन्त्रण र उपचारमा आवश्यक ICU, HDU बेडको कमी नहोस् भन्नका लागि भैरहवास्थित युनिभर्सल मेडिकल कलेज, पाल्पास्थित लुम्बिनी मेडिकल कलेज, कोहलपुरस्थित नेपालगंज मेडिकल कलेज र देवदहस्थित देवदह मेडिकल कलेजसँग सम्झौता गरी कोभिडजन्य बिरामीको उपचारको लागि ICU,तथा HDU बेड उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

२९. कोभिड-१९ को परीक्षणलाई प्रभावकारी बनाउन प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भैरहवा गहुँवालीस्थित प्रयोगशालाका अतिरिक्त प्राय सबै जिल्लामा PCR Test का लागि आवश्यक किटको कमी नहुने व्यवस्था मिलाइएको छ ।

३०. **"जीवन रहे त्यसलाई सजाउन र सिंगार्न सकिन्छ"** भन्ने प्रदेश सरकारको मान्यतालाई ध्यानमा राखी पछिल्ला दिनमा श्रोत साधनको व्यवस्था एवम् प्रदेश सरकारका काम कारवाहीमा **पहिले कोभिड** (COVID First) भन्ने नीति अवलम्वन गरिएको छ । बाटो

घाटो बनाउदै गरौंला, नहर खन्दै गरौंला तर पहिले **बाँचौं र बचाऔं** भन्ने मुलमन्त्र बनाई प्रदेश सरकारका काम कारवाहीहरू व्यवस्थित गरिएको छ ।

३१. प्रदेशको ४०९ कि.मि. दुरी भारतीय खुल्ला सिमानासँग जोडिएको एवम् तीनवटा ठूला भन्सार बिन्दुहरू यसै प्रदेशमा रहेकोले सीमा नाकाबाट स्वदेश फर्कने नागरिकका कारण कोभिडको संक्रमण फैलिन सक्ने सम्भावनालाई ध्यानमा राखी नाकाहरूमा रहेका होल्डिङ सेन्टरहरूलाई व्यवस्थित गरी संचालन गर्न प्रदेश विपद् कोषबाट समेत जिल्ला विपद् कोषमा रकम हस्तान्तरण गरी आवश्यक सामग्री उपलब्ध हुने व्यवस्था मिलाइएको छ।

३२. कोरोना नियन्त्रण र उपचारलाई प्रभावकारी बनाउन यसमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीको लगनशिलता, मेहनत र इमान्दारिताको ठूलो भूमिका रहन्छ। त्यसैले यस विशेष कार्यमा प्रत्यक्ष रूपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई उत्प्रेरणा बढाउन शुरू तलब स्केलको ५० % रकम कोरोना भत्ता उपलब्ध हुने व्यवस्था मिलाएको छु। तर यस्तो सुविधा कोरोनाको उपचारमा संलग्न हुने कर्मचारीलाई मात्र उपलब्ध गराइनेछ।

**चालु आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था**

३३. चालु आर्थिक वर्ष २०७७/०७८ मा चालुतर्फ रू. १२ अर्ब ५९ करोड २४ लाख ९८ हजार, स्थानीय तह वित्तीय हस्तान्तरणको लागि रू. ५ अर्ब १४ करोड ५० हजार र पुँजीगततर्फ रू. १८ अर्ब ६१ करोड ९९ लाख ५२ हजार गरी जम्मा रू. ३६ अर्ब ३५ करोड २५ लाख बजेट विनियोजन भएको थियो।

३४. चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारले अत्यधिक जोड दिएको छ। साउन महिनाभित्रै बजेट कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि तयार गरी स्वीकृत गरिसक्नुपर्ने र भाद्र १ देखि नै ठेक्कापट्टा लगायतका बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रक्रिया अघि बढाउने गरी समय सीमा निर्धारण गरी बजेट कार्यान्वयनमा प्रदेश सरकार जुटिरहेको अवस्था छ।

३५. प्रदेश सरकारद्वारा बजेट तथा कार्यक्रम कार्यान्वयनमा चालिएका प्रभावकारी कदमहरूकै कारणले गर्दा अघिल्ला आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको हालसम्मको अवधिमा थप प्रगति भएको छ। अघिल्लो आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा ७ प्रतिशत बजेट खर्च भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ११.५३ प्रतिशत खर्च

भएको छ। त्यसैगरी आर्थिक वर्ष २०७६/०७७ को दोश्रो चौमासिक अवधिमा ३१.३१ प्रतिशत रकम खर्च भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ३६.४६ प्रतिशत रकम खर्च भएको छ। साथै २०७८ जेठ मसान्तसम्म कुल विनियोजित रकमको ५७.३५ प्रतिशत रकम खर्च भई बजेट तथा कार्यक्रम कार्यान्वयनमा उल्लेखनीय प्रगति भएको छ।

३६. चालु आर्थिक वर्षमा यसप्रकार बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रगति हुनुमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारका स्पष्ट प्राथमिकता, निरन्तर follow-up एवम् सहजीकरणले प्रमुख भूमिका खेलेको देखिन्छ। तर यसको प्रमुख श्रेय बजेट कार्यान्वयनमा खटिने निकाय तथा पदाधिकारीहरूलाई दिन चाहन्छु र यस अवसरमा अर्थमन्त्रीको हैसियतले विशेष धन्यवाद समेत दिन चाहन्छु।

३७. चालु आर्थिक वर्षमा प्रदेश सरकारको तर्फबाट स्थानीय तहलाई विभिन्न चार प्रकारको अनुदानको रूपमा रू. ५ अर्ब १४ करोड वित्तीय हस्तान्तरण गरिएको छ। स्थानीय तहको आवश्यकता र प्राथमिकता बमोजिम हस्तान्तरित रकमको सदुपयोग होस् भन्नाका लागि आवश्यक सहजीकरण गरिएको छ।

३८. चालु आर्थिक वर्षको शुरूका दिनमा कोभिड-१९ को पहिलो चरणको प्रभाव रहेकै अवस्थामा प्रदेशका सबै स्थानीय तहसँग भर्चुअल माध्यमबाट छलफल तथा अन्तरक्रिया गरी गत आर्थिक वर्षमा हस्तान्तरित रकमबाट संचालनमा ल्याइएका योजना तथा कार्यक्रमको अवस्था, ती कार्यक्रमको प्रभावकारिता, कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रमको समयमा कार्यान्वयन हुन नसक्नुका कारणहरूको सन्दर्भमा जीवन्त अन्तरक्रिया गरिएको थियो। त्यसैगरी चालु आर्थिक वर्षमा हस्तान्तरित कार्यक्रमको कार्यान्वयनको अवस्था र नदीजन्य पदार्थ ठेक्कापट्टाको स्थितिका बारेमा समेत अन्तरक्रिया गरिएको छ। जसले गर्दा प्रदेश सरकार र स्थानीय तहबीचको सम्बन्ध गाढा हुनुको साथै एकले अर्को तहको समस्या तथा चाहना बुझ्ने काम समेत थप प्रभावकारी भएको छ।

३९. चालु आर्थिक वर्षमा अधुरा आयोजनाहरू पुरा गर्ने कुरालाई प्रदेश सरकारले अत्यधिक प्राथमिकता दिएको छ। ती अधुरा आयोजना सम्पन्न गर्न गराउन आर्थिक वर्षको बीचमा समेत संघीय सशर्त अनुदानतर्फ थप रू. २ अर्ब ४९ करोड २६ लाख र प्रदेश सरकारको अर्थ विविधबाट रू. २ अर्ब १७ करोड ५ लाख गरी थप रू. ४ अर्ब ६६ करोड ३१ लाख उपलब्ध गराउने गरी श्रोत परिचालन गरिएको छ।

४०. चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन गरिरहँदा हालसम्म १६० कि. मि. सडक कालोपत्रे गरिएको छ । १७५ कि.मि. सडकको स्तरोन्नति भएको छ भने ७१ कि.मि. नयाँ ट्र्याक खोलिएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म यसको परिमाणमा थप वृद्धि हुनेछ ।

४१. सिंचाईतर्फ जम्मा रू. २ अर्ब २ करोड २६ लाख विनियोजन भई २०७८ जेठ मसान्तसम्म सतह सिंचाईतर्फ ३५०० हेक्टर र भूमिगत सिंचाईतर्फ १२०० हेक्टर गरी जम्मा ४७०० हेक्टर जमिनमा थप सिंचाई सुविधा उपलब्ध गराइएको छ। यसका साथै वर्षायाम शुरू हुनुपूर्व नै सिंचाई कुलोहरू मर्मत गरी धानको बिउ राख्ने र रोपाई गर्ने कार्यलाई सहज बनाउन सिंचाई कुलोहरूको मर्मत सम्भारका लागि थप २५ करोड रूपैयाँ उपलब्ध गराइएको छ।

४२. प्रदेश सरकारले अघि बढाएको **"एक घर एक धारा"**को अभियान सार्थक तुल्याउने सन्दर्भमा चालु आर्थिक वर्षमा रू. २ अर्ब ४० करोड विनियोजन भएकोमा आर्थिक वर्षको बीचमा संघीय सशर्त अनुदानतर्फ थप रू. १ अर्ब र प्रदेश सरकार श्रोततर्फ रू. ३६ करोड गरी कुल रू. ३ अर्ब ७६ करोड श्रोत परिचालन गरिएको छ। जसबाट चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा थप २२ हजार घरधुरीमा स्वच्छ खानेपानी सेवा विस्तार भएको छ।

४३. सहरी विकास तथा भवन निर्माणतर्फ चालु आर्थिक वर्षमा संचालनमा ल्याइएका जनता आवास कार्यक्रमबाट १२६० घर परिवारले पक्की घरमा बस्ने अवसर प्राप्त गरेका छन् भने ७५ वटा सरकारी भवनहरूको मर्मत सम्भार गरिएको छ। साथै १८ वटा नयाँ सरकारी भवन निर्माण र ४५ वटा भवनको मर्मत संभारको कार्य समेत अघि बढाइएको छ।

४४. सामाजिक विकासको क्षेत्रमा समेत चालु आर्थिक वर्षमा उल्लेखनीय प्रगति हासिल भएको छ। १२ वटा विद्यालयमा नमूना विद्यालय कार्यक्रम, ३६ वटा विद्यालयमा स्कूल नर्सको व्यवस्था गरिएको छ भने ५९ वटा सामुदायिक विद्यालयको पूर्वाधार सुधार गर्नका लागि बजेट उपलब्ध गराइएको छ। २४ वटा विद्यालयमा दुई कोठे भवन, ११० वटा विद्यालयमा शौचालय, ४६ वटा विद्यालयमा कम्पाउण्ड वाल निर्माण भएको छ। त्यसैगरी प्रदेश सरकारको अनुदानमा सीमाक्षेत्रका ४२ वटा विद्यालयको पूर्वाधार सुधार गरिएको छ। झन्डै १०० वटा पुस्तकालयलाई अनुदान उपलब्ध गराइएको छ भने २ वटा

विद्यालयमा विज्ञान प्लानेटोरियम स्थापना भएको छ। ३ वटा विद्यालयमा मुस्लिम छात्रावास भवन निर्माण गरिएको छ भने ४,६७५ जना मुक्त कमलहरी, कमैया, मुस्लिम र दलित छात्रालाई छात्रवृत्ति उपलब्ध गराइएको छ।

४५. प्रदेशका १२ वटै जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम सञ्चालन तथा ११ जिल्लामा रहेका बालमन्दिरहरूको मर्मत सम्भार एवम् सुदृढीकरण गरिएको छ। १२ जिल्लाका करिब ५०० जना भन्दा बढी हिंसा पीडित महिलाहरूको लागि उद्धार, संरक्षण र मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ। करिब ५०० जना महिला, अपाङ्गता भएका व्यक्तिका लागि सिप विकास तालिम सञ्चालन गरी रोजगारीको लागि सक्षम तुल्याइएको छ।

**प्रदेशको आर्थिक विकासको सोच र आगामी आर्थिक वर्षको अपेक्षित उपलब्धि**

**माननीय सभामुख महोदय,**

४६. हामीले प्रदेश सरकारको तर्फबाट चालु आर्थिक वर्षमा समेत गरी तीन वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन गरिसकेका छौं। यस क्रममा हामीले केही कुरामा राम्रो सफलता हासिल गऱ्यौं, केही पक्षमा सुधार गर्नुपर्ने अनुभव भयो र हामीले यथार्थतामा थुप्रै कुराहरू सिक्यौं। यी अनुभव र सिकाइहरूलाई संस्थागत गर्दै आगामी दिनमा प्रदेशको आर्थिक विकासको स्पष्ट दृष्टिकोण र सोच सहित बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा जुटनुपर्ने आवश्यकता छ।

४७. संघीय गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनमा रहेको नेपालमा तीन तहका सरकारको तर्फबाट संविधान प्रदत्त शासकीय अधिकार प्रयोग गर्दै आफ्नो जिम्मेवारी पुरा गर्ने प्रयत्न जारी रहेको छ। संघीयता कार्यान्वयनको शुरूका चरणमा विभिन्न तहबीच अधिकार र जिम्मेवारीका विषयमा केही द्विविधा, केही Overlap र केही Duplication का अवस्थाहरू देखिए। तर अबका दिनमा तीनै तहका सरकारहरू समन्वय, सहकार्य र सह-अस्तित्वको आधारमा आ-आफ्नो कार्यक्षेत्रमा केन्द्रित हुनु आवश्यक छ। त्यसैले अब प्रदेश सरकारले **"संघीय सरकारको कार्य क्षेत्रमा पस्दैनौं र स्थानीय तहको कार्य क्षेत्रमा हस्तक्षेप गर्दैनौं"** भन्ने मूलमन्त्रलाई आत्मसात् गर्दै प्रत्येक क्षेत्रमा प्रदेश सरकारको जिम्मेवारी र अधिकार यकिन गरी प्राप्त अधिकारको प्रयोग गर्दै आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने कुरामा ध्यान केन्द्रित गर्न जरूरी छ। तसर्थ सोही

कुरालाई ध्यानमा राखी आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण लगायतका सबै क्षेत्रमा प्रदेश सरकारको कार्यक्षेत्र (Scope) निर्धारण गर्ने व्यवस्था मिलाएको छु।

४८. स्वास्थ्य, शिक्षा लगायत सामाजिक क्षेत्रका गुणस्तरीय सेवामा सर्वसाधारणको सहज पहुँच पुऱ्याउने विषय प्रदेश सरकारको प्राथमिकतामा रहेको छ। कोभिड-१९ जस्ता महामारीमा समेत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश मातहतका सरकारी अस्पताललाई पूर्वाधार, उपकरण र जनशक्तिका हिसाबले सक्षम तुल्याउने दिशामा आउने दिनमा बजेट तथा कार्यक्रमहरू लक्षित हुनेछन्।

४९. कोभिड विरूद्धको खोप अहिले सबैको चासो र चिन्ताको विषय बनेको छ । खोपका सन्दर्भमा हाल प्रदेश सरकारको जिम्मेवारी संघीय सरकारबाट प्राप्त खोपलाई तोकिएको परिमाण/मात्रा बमोजिम विवरण तयार गरी लक्षित वर्गलाई खोप केन्द्रबाट समयमा खोप दिने कार्यलाई सहजीकरण गर्नुमा सीमित रहेको छ । तर हाल खोपको उपलब्धता र खोपको आवश्यकता बीचमा ठूलो अन्तर रहेको छ। अर्थात् अपेक्षित परिमाणमा खोप उपलब्ध हुन सकिरहेको छैन। त्यसैले सबै प्रदेशवासीलाई आगामी आर्थिक वर्षभित्रै खोप उपलब्ध गराउने लक्ष्यका साथ हामीले निर्वाह गर्नुपर्ने भुमिकामा कुनै कमी राखिने छैन।

५०. उच्चशिक्षाको व्यवस्थापन नै शिक्षा क्षेत्रमा प्रदेश सरकारको जिम्मेवारी रहेको सन्दर्भमा प्रदेश विश्वविद्यालयको स्थापना र संचालन गर्नेतर्फ प्रदेश सरकारले आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ। प्रदेशको मानव विकास योजना अनुरूप प्रदेश विश्वविद्यालयको स्थापना गरी केही संकायबाट शुरूमा सानै संख्याका शैक्षिक कार्यक्रमहरू शुरू गर्ने र गुणस्तरका हिसावले प्रदेश विश्वविद्यालयबाट उत्पादित जनशक्ति विश्वबजारमा प्रतिस्पर्धी हुनेगरी गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ।

५१. कृषि क्षेत्रमा तीनै तहका सरकारले गरेको लगानीको बावजुद अपेक्षित उपलब्धि हासिल हुन नसक्नुका कारण पत्ता लगाउनुको साथै यस क्षेत्रका प्रदेश सरकारको भूमिका निर्धारण गरी प्रभावकारी कार्यक्रमहरू संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी संचालन गर्न आवश्यक प्रबन्ध गरिनेछ।

५२. आर्थिक क्षेत्रमा प्रदेशका तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी ती क्षेत्र केन्द्रित पूर्वाधार निर्माण र लगानी प्रवर्द्धन गर्न सकिएमा मात्र आर्थिक विकासको गतिमा तीव्रता

ल्याउन सकिन्छ भन्ने मलाई लागेको छ । त्यसैले आगामी आर्थिक वर्षमा यस क्षेत्रको अध्ययन गराई स्पष्ट मार्ग तय गर्ने कार्य अगाडि बढाइनेछ ।

५३. प्रकृतिप्रदत्त श्रोत साधनको कुशल व्यवस्थापनवाट मात्र दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ । लुम्बिनी प्रदेशको करिव आधा क्षेत्र ओगटेको वन, चुनढुङ्गा लगायत महत्वपूर्ण खनिज पदार्थले भरिएका पहाडहरू, उब्जाउ समथर भूमि, सयौं नदीनालालाई विकास र समृद्धिको आधार बनाउनु पर्दछ । यस दिशामा हाम्रा बजेट तथा कार्यक्रमहरू लक्षित हुनेछन्।

५४. एकातर्फ बजारमा सीपयुक्त जनशक्तिको अभाव र अर्कोतर्फ बढ्दो बेरोजगारीको विरोधाभासपूर्ण अवस्थाको निवारणमा गुणस्तरीय सीप विकास प्रभावकारी अस्त्र हुने मेरो बुझाइ छ । सीपयुक्त रोजगारीमा विदेशी कामदारको अधिपत्य रहेको सन्दर्भमा नेपाली कामदारमा आवश्यक सीप विकास गरी क्रमशः विदेशी कामदारको ठाउँ नेपाली कामदारले लिँदै जाने विषय कुरा र भाषणमा नभई यथार्थमा व्यवहारमा उतार्न जरूरी छ। **"सीपमा पैसा छ, सीप भएको व्यक्ति भोकले मर्दैन"** भन्ने कुरा नेपाली युवाहरूले महशुस गर्ने वातावरण सिर्जना गरी सीपतर्फको आकर्षण बढाउने र पाठ्यक्रम एवम् प्रशिक्षण विधिमा सुधार गर्नुको साथै सीप परीक्षणलाई अनिवार्य गरी **"बरू थोरैलाई सिकाऔं तर सरकारी तालिम बजारमा विकाऔं"** भन्ने नारालाई सार्थक हुने गरी सीप विकास कार्यक्रम सञ्चालन गरिने छ ।

५५. संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन र संविधानप्रदत्त अधिकारको प्रयोगको लागि प्रदेशको अधिकार क्षेत्रमा कानून निर्माण गर्न जरूरी हुन्छ भने ती कानूनको प्रभावकारी कार्यान्वयनको साथसाथै योजना तथा बजेट कार्यान्वयन र सेवा प्रवाहमा दक्ष एवम् उत्प्रेरित कर्मचारीतन्त्रको आवश्यकता पर्दछ ।

५६. प्रदेशको नामकरण र राजधानीको विषय यस गरिमामय सदनले चालु आर्थिक वर्षमा टुंग्याइसकेको छ। यसका लागि प्रदेश सभाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लुम्बिनी प्रदेशको राजधानी प्रदेशका विशेषता र राष्ट्रको गौरव झल्किने प्रकृतिको हुनुपर्दछ भन्ने मेरो विचार छ। तसर्थ आगामी आर्थिक वर्षमा प्रदेश राजधानी शहरको योजना निर्माण (Town Planning) ,जग्गा प्राप्ति (Land Pooling), वातावरणीय अध्ययन (EIA,IEE) तथा विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माणको कार्य सम्पन्न गरी पूर्वाधार निर्माणको कार्य व्यवस्थित रूपमा अघि बढाइने छ।

५७. प्रदेशका विकास निर्माणहरू योजनाबद्ध रूपमा अघि बढ्नु पर्दछ भन्ने कुरामा प्रदेश सरकार दृढ छ। सोही अनुरूप हामीले प्रदेशको प्रथम आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं। तर प्रदेश सरकारको विकास निर्माणको गन्तव्यका लागि पाँच वर्षको अवधि छोटो हुँदो रहेछ। त्यसैले चालु आर्थिक वर्षमा शुरू गरिएको २० वर्षे दीर्घकालीन योजना निर्माणको कार्य आगामी आर्थिक वर्षमा पुरा गरी सोही आधारमा प्रदेशका आर्थिक गतिविधिलाई निर्देशित गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७८/०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।

५८. आर्थिक वर्ष २०७८/०७९ का बजेटका उद्देश्यहरू देहाय बमोजिम हुनेछन :-

क) कोभिड-१९ को नियन्त्रण र उपचारलाई प्रभावकारी बनाउने,

ख) स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच बढाउने,

ग) कृषि क्षेत्रको सुधार गरी प्रदेश अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउने,

घ) गुणस्तरीय सिप विकासको माध्यमबाट रोजगारीका अवसरहरू सिर्जना गरी बेरोजगारी समस्या न्यूनीकरण गर्ने,

ङ) अधुरा आयोजनाहरू यथाशीघ्र सम्पन्न गर्ने,

च) लुम्बिनी प्रदेशलाई लगानीको हवको रूपमा विकास गर्दै जाने ।

छ) सबै प्रदेशवासीलाई कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न हुने वातावरण सिर्जना गर्ने,

५९. माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छु :-

क) स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिः पूर्वाधार विकास एवम् जनशक्ति व्यवस्थापन,

ख) कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण,

ग) सीप विकास तथा रोजगारी सिर्जना,

घ) अधुरा आयोजनाको न्यूनीकरण,

ङ) गुणस्तरीय पूर्वाधार निर्माण,

च) खानेपानी तथा सरसफाईमा योजनाबद्व विकास,

छ) सुशासन प्रर्वद्धन र भ्रष्टाचार नियन्त्रण,

ज) बजेट तथा कार्यक्रम कार्यान्वयनमा क्षमता अभिवृद्धि ।

अब म आर्थिक वर्ष २०७८/०७९ को व्यय अनुमान पेश गर्न चाहन्छु ।

**संघीय सरकारसँगको समन्वय एवम् सहकार्य**

६०. संघीय सरकारका तर्फबाट प्राप्त सबै अनुदानको मात्रा केही हदसम्म वृद्धि भएको छ। यसका लागि संघीय सरकारलाई धन्यवाद दिन चाहन्छु।

६१. आगामी आर्थिक वर्षका लागि समपुरक अनुदानतर्फ संघीय सरकारबाट रू. ७२ करोड १६ लाख बरावरको प्रतिवद्वता प्राप्त भएको छ। तसर्थ प्रदेश सरकारको तर्फबाट सोही परिमाणमा रकम विनियोजन गरी संघीय सरकारसँगको सहकार्यमा कार्यान्वयन हुने तुलनात्मक रूपमा ठूला र महत्वपूर्ण आयोजनाको लागि करिब रू. १ अर्व ४४ करोड ३२ लाख रकम विनियोजन गरेको छु।

६२. प्रदेश सरकारको व्यवस्थित तयारी तथा कुशल समन्वयको कारण आगामी आर्थिक वर्षको निमित्त ८ वटा योजनाको लागि रू. ६३ करोड ४९ लाख बरावरको विशेष अनुदान प्राप्त हुने भएको छ। ती आयोजनाको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित प्रतिफल प्राप्त हुने व्यवस्था मिलाएको छु।

६३. आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट सशर्त अनुदानतर्फ रू. ६ अर्ब २३ करोड ३ लाख प्राप्त भएको छ। संघीय सरकारसँगको समन्वय र यस प्रदेशको प्रतिष्ठा एवम् बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएको दक्षताको कारण सशर्त अनुदानको मात्रा बढेको छ।

६४. संघीय सशर्त अनुदानमा यस प्रदेशमा सञ्चालन हुने आयोजनामध्ये कतिपय आयोजनामा आवश्यक रकमको तुलनामा शुरूमा न्यून बजेट विनियोजन भएको भए तापनि संघीय

सरकारसँग समन्वय तथा पहल गरी आर्थिक वर्षको वीचमा समेत थप रकम प्राप्त गरी कार्यप्रगतिको आधारमा थप श्रोतको प्रबन्ध गर्ने व्यवस्था मिलाएको छु।

६५. वित्तीय संघीयतालाई थप प्रभावकारी बनाउन र आर्थिक अधिकारको प्रयोग गर्दै प्रदेशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने दिशामा अघि बढ्ने सन्दर्भमा सशर्त अनुदानमा सञ्चालित अधुरा आयोजना छिटोभन्दा छिटो पुरा गर्ने र सशर्त अनुदानको सट्टा समानीकरण अनुदान प्राप्त गर्ने दिशामा संघीय सरकारसँग समन्वय एवम् पहल गरिने छ।

६६. आयोजनाको क्षेत्र र ती आयोजनाले दिने प्रतिफल समेतका आधारमा स्पष्ट प्राथमिकीकरण गरी श्रोत साधनको विनियोजन तथा कार्यान्वयनमा थप दक्षता हासिल हुने व्यवस्था मिलाएको छु।

**स्थानीय तहलाई वित्तीय हस्तान्तरण**

६७. प्रदेश सरकारको तर्फबाट स्थानीय तहलाई उपलब्ध गराइने अनुदान यथाशक्य बढाउँदै जाने कुरामा प्रदेश सरकार प्रतिवद्ध छ। यसै मुताविक प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानमा १० करोड थप गरी कुल समानीकरण अनुदानलाई ७० करोड पुऱ्याएको छु।

६८. प्रदेश सरकार र स्थानीय तहको आधा-आधा लगानीमा सञ्चालन हुने समपुरक आयोजनाहरू प्रभावकारी देखिएकोले स्थानीय तहको प्राथामिकता र छनोटको आधारमा आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको छ। आगामी आर्थिक वर्षको लागि समपुरक अनुदानको रकम वृद्धि गरेको छु।

६९. समपुरक आयोजना छनोट र स्वीकृतिको कार्य नयाँ आर्थिक वर्ष शुरू भएपछि गर्ने गरिएकोमा त्यसमा सुधार गरी समपुरक अनुदान अन्तर्गत आगामी आर्थिक वर्षमा स्थानीय तहबाट सञ्चालन हुने आयोजना स्वीकृत गरी वार्षिक कार्यक्रम पुस्तिकामा समावेश गरिएको छ। जसबाट आर्थिक वर्षको शुरूदेखि नै आयोजना कार्यान्वयनमा लैजान सकिनेछ र  आर्थिक वर्षको अन्त्यमा हुने चाप कम गर्न मद्दत पुग्ने विश्वास लिएको छु। आर्थिक वर्षको शुरू देखि आयोजनामा कार्यान्वयनमा लैजाँदा अधिकांश आयोजना दोश्रो चौमासिक अवधि भित्रै सम्पन्न हुनसक्ने हुँदा कोभिड महामारी जस्ता प्रकोपबाट हुने समस्याबाट छुटकारा पाउनुको साथै अधुरा आयोजनाको संख्या बढ्दै जाने रोगबाट मुक्ति पाउने आशा राखेको छु।

७०. प्रदेशको विशेष अनुदान अन्तर्गत सञ्चालन हुने मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको प्रभावकारिता राम्रो देखिएको छ। तसर्थ यस कार्यक्रम कार्यान्वयनमा हालसम्मको अनुभवलाई संस्थागत गर्दै थप व्यवस्थित गरिनेछ। यस कार्यक्रमलाई चालु आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु।

७१. प्रदेश सरकारको सशर्त अनुदानमा स्थानीय तहमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको सम्बन्धमा स्थानीय तहहरूसँग भएको अन्तरक्रियाका आधारमा थप सुधार तथा परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन हुने व्यवस्था मिलाएको छु। सशर्त अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रम स्थानीय तहको आवश्यकता र प्राथमिकता बमोजिम छनोट गरी कार्यान्वयन गर्न आवश्यक निर्देशिका जारी गरी उक्त निर्देशिका बमोजिम आयोजना कार्यान्वयन हुने व्यवस्था मिलाएको छु।

७२. गत आर्थिक वर्षमा प्रदेश सरकारको अनुदानमा स्थानीय तहमार्फत सञ्चालन हुँदै आएका आयोजनाहरू कोभिड-१९ को कारण सम्पन्न हुन नसकेको यथार्थलाई आत्मसात गरी ती अधुरा आयोजना सम्पन्न गर्न चालु आर्थिक वर्षमा थप १३ करोड रूपैया निकासा गरी अधुरा आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाइएको छ। आगामी आर्थिक वर्षमा समेत सोही प्रकारको अवस्था सिर्जना भएमा र औचित्यपूर्ण कारणवस आयोजना अधुरो हुने स्थिति उत्पन्न भएमा त्यस्ता आयोजनका हकमा समेत श्रोत साधन न्यून नहुने व्यवस्था मिलाएको छु।

७३. स्थानीय तहले निर्माण गर्ने कानूनलाई प्रभावकारी बनाउनका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै स्थानीय तहका न्यायिक समितिको कार्यलाई अझ बढी प्रभावकारी र परिमार्जित गर्न न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूका लागि विशेष तालिम संचालन गर्ने व्यवस्था मिलाएको छु।

७४. स्थानीय तहको योजना तर्जुमा बजेट तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयन क्षमतामा क्रमशः सुधार हुँदै गएको छ। तर सुधारका ठाउँहरू अरू धेरै छन्। पहिलो कुरा सबै स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने प्रदेश सरकारको दृष्टिकोण रहेको छ। कतिपय स्थानीय तहले यो काम शुरू गरिसकेको पनि अवस्था छ। त्यसैले चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेको प्रदेश सरकारको सहयोगमा आवधिक योजना निर्माण गर्ने र मध्यमकालीन खर्च संरचना बनाउने कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। साथै आगामी

आर्थिक वर्षमा आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना निर्माण गर्ने प्रत्येक स्थानीय तहलाई आवश्यक श्रोत तथा प्राविधिक सहयोग प्रदेश सरकारको तर्फबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

७५. प्रदेश सरकारले स्थानीय तहसँगको सम्बन्ध र समन्वयलाई थप घनीभूत बनाउँदै लगेको छु। कोभिड-१९ को कारण भौतिक अनुगमन सम्भव नभए तापनि भर्चुअल माध्यमबाट चालु आर्थिक वर्षको शुरूमा प्रदेश सरकारको अनुदानमा गत आर्थिक वर्षमा १०९ वटै स्थानीय तहमा सञ्चालन भएका आयोजनाको समीक्षा गरी कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरू समेत पहिचान गरिएको छ। आगामी आर्थिक वर्षमा ती समस्या दोहोरिन नदिने व्यवस्था मिलाएको छु। प्रदेश सरकारसँगको सहकार्य, समन्वय र सहयोगका लागि सबै स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु। आगामी आर्थिक वर्षमा परस्पर सहयोग र सहकार्य थप प्रभावकारी हुने अपेक्षा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म क्षेत्रगत रूपमा प्रस्तावित कार्यक्रम एवम् विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## कोभिड-१९ को नियन्त्रण एवम् उपचार

७६. कोभिडको नियन्त्रण, रोकथाम र उपचार प्रदेश सरकारको सबैभन्दा उच्च प्राथमिकतामा रहेको विषय हो। त्यसैले यसका लागि प्रदेश सरकारको तर्फबाट हरसम्भव प्रयासहरू अघि बढाइएको छ। कोभिडको पहिलो Variant र दोश्रो Variant को बीच यसले पार्ने असर तथा प्रभावमा ठूलो भिन्नता रह्यो। त्यसैले एउटा चरणको अनुभव वा सिकाइले अर्को चरणलाई ठ्याक्कै काम गर्न सकेन। तर नमूना संकलन, परीक्षण तथा उपचारमा दक्षता बढाउनु नै प्रत्येक चरणका लागि महत्वपूर्ण कार्यहरू रहे। त्यसैले यसमा थप सुधार गर्दै अघि बढ्ने व्यवस्था मिलाएको छु।

७७. कोभिडको उपचारको लागि आवश्यक अक्सिजनका लागि अधिकांश अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न श्रोतको व्यवस्था मिलाएको छु। साथै सिलिण्डर तथा अन्य आवश्यक उपकरण एवम् औषधीको खरिदका लागि यथेष्ट बजेट विनियोजन गरेको छु।

७८. प्रदेशका सबै सरकारी अस्पतालबाट कोभिडको उपचार निशुल्क हुने व्यवस्था मिलाएको छ। निजी अस्पताल एवम् मेडिकल कलेजबाट हुने उपचारमा समेत संघीय सरकारले तोकेको मापदण्ड बमोजिमको उपचार हुने व्यवस्थालाई निरन्तरता दिएको छ।

७९. स्वाव संकलन एवम् परीक्षणमा सर्वसाधारणको पहुँच वृद्धि गर्न थप ल्याव स्थापना एवम् साविकमा रहेका ल्यावको स्तरोन्नति गरी परीक्षणको नतिजा उसै दिन आउने व्यवस्था मिलाएको छ।

८०. कोभिड नियन्त्रण तथा उपचारमा सरकारको अतिरिक्त सामाजिक संघसंस्था, नागरिक समाज एवम् सञ्चारजगत्को साथसाथै प्रत्येक नागरिकको सक्रिय सहभागिता र इमान्दार प्रयासको खाँचो रहन्छ। त्यसैले यस कार्यमा सबैले आफ्नो आफ्नो ठाउँबाट एक कदम अघि बढेर सहकार्य गर्नका लागि प्रदेश सरकारको तर्फबाट आह्वान गर्न चाहन्छु।

८१. कोभिड-१९ को नियन्त्रणको लागि स्थानीय तहहरूमा सञ्चालित क्वारेन्टाइन एवम् आइसोलेशन केन्द्रहरूलाई स्थानीय तहसँगको सहकार्यमा थप व्यवस्थित गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छ।

८२. कोभिडको उपचारमा संलग्न स्वास्थ्यकर्मी एवम् कर्मचारीको सेवालाई सम्मान गर्दै उनीहरूको उत्प्रेरणा बढाउन चालु आर्थिक वर्षमा उपलब्ध गराइएका प्रोत्साहन भत्तालाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छ।

८३. कोभिड व्यवस्थापन तथा उपचारमा सक्रियतापूर्वक कार्य सम्पादन गर्न खटिने चिकित्सक, नर्सिङ स्टाफ, प्यारामेडिक्स, अस्पताल विकास समिति, जनस्वास्थ्य कार्यालय, स्थानीय प्रशासन, सुरक्षा निकाय, मन्त्रालय तथा मातहत विभिन्न कार्यालयमा कार्यरत कर्मचारी, स्थानीय तह, शिक्षक, सामाजिक संघसंस्था, सञ्चारकर्मी, पत्रकार लगायतलाई प्रोत्साहन तथा पुरस्कृत गर्न बजेट विनियोजन गरेको छु।

**स्वास्थ्य सेवामा पहुँच र सुदृढीकरण**

८४. लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेशकै उच्च र विशिष्टीकृत स्वास्थ्य सेवायुक्त अस्पताल बनाउने उद्देश्य अनुरूप विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ। आगामी आर्थिक वर्षमा निर्माण कार्य शुरू गर्ने गरी रू. २५ करोड छुट्याएको छु। साथै राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरको गुरूयोजना तयार भइसकेको सन्दर्भमा आगामी आर्थिक

वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य समेत शुरू गर्न आवश्यक बजेट छुट्याएको छु।

८५. ५० शैय्यामा स्तरोन्नति भएका अस्पतालहरूमा आवश्यक पूर्वाधारको विकास गरी विशेषज्ञ सेवा संचालन गरिनेछ। प्रदेशका दुर्गम क्षेत्रहरूमा शल्यक्रिया सहितको विशेषज्ञ स्वास्थ्य शिविरहरू संचालन गर्न **"जनतामैत्री स्वास्थ्य अभियान"** कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८६. स्वास्थ्य सेवालाई प्रभावकारी तथा जनमुखी बनाउन तीनै तहको सरकार, निजी, सामुदायिक तथा सहकारी संघ संस्थाहरूसँग लागत सहभागिताको सिद्धान्तमा आधारित रही आवश्यक कार्यविधि निर्माण गरी पूर्वाधार विकास तथा स्वास्थ्य सेवा प्रवाहमा साझेदारीको लागि रू.२२ करोड विनियोजन गरेको छु।

८७. प्रदेश मातहतका सरकारी अस्पतालको पूर्वाधार विकास गर्न रूपन्देहीको भीम अस्पताल, रूकुम पूर्वको जिल्लास्तरीय अस्पताल, बर्दिया अस्पताल र नवलपरासीको पृथ्वीचन्द्र अस्पतालको नयाँ भवन निर्माण कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु। विशेषज्ञ सेवा सहितको रिफरल अस्पतालहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

८८. प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई बि.एस.एल.द्वितीय स्तरमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण एवम् सञ्चालनका लागि रू.१ करोड ५० लाख विनियोजन गरेको छु।

८९. सडक दुर्घटनामा परेका व्यक्तिहरूको सघन उपचारको लागि दाङको लमहीमा निर्माणाधीन अत्याधुनिक ट्रमा सेन्टर निर्माणको लागि आगामी आर्थिक वर्षका लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु ।

९०. प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीको क्षमता विस्तार र लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवललाई १५ शैय्याको चिकित्सालयको रूपमा विकास गर्न रू.२ करोड रकम विनियोजन गरेको छु।

९१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र रूकुम पूर्वमा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना लागि रू.१ करोड विनियोजन गरेको छु।

९२. प्रदेशका सबै सरकारी स्वास्थ्य संस्थाहरूवाट रक्तसञ्चार सेवा निःशुल्क रूपमा प्रदान गर्ने गरी **"निःशुल्क रक्तसञ्चार सेवा प्रदान, स्वस्थ लुम्बिनीको पहिचान"** अभियानको लागि रू. ५ करोड बजेटको व्यवस्था गरेको छु।

९३. प्रदेशवासीहरूलाई विपन्न नागरिक औषधी उपचार निर्देशिकाले व्यवस्था गरेको संघीय सरकारको तर्फबाट प्रदान गरिदै आएको सुविधाको अतिरिक्त मृगौला प्रत्यारोपणका लागि थप रू. २ लाख र १६ वर्ष मुनिका क्यान्सर पीडितको लागि प्रतिव्यक्ति रू.१ लाख प्रदेश सरकारको तर्फबाट थप गर्ने व्यवस्था गरेको छु।

९४. प्रदेश अन्तर्गत रहेका एम्बुलेन्सहरूलाई एकीकृत रूपमा सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउन प्रादेशिक प्रेषण केन्द्र सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै प्रेषण हुने सुत्केरी महिलाहरूलाई निःशुल्क एम्बुलेन्स र हवाई उद्धारको लागि बजेट व्यवस्था गरेको छु।

९५. अस्पतालहरूमा आँखा उपचार, फिजियोथेरापी, दन्तसेवा, इ.एन.टि. लगायतका स्वास्थ्य सेवाको विस्तार तथा निरन्तरताको लागि अस्पताल सुदृढीकरण कार्यक्रमतर्फ रू.१३ करोड बजेटको व्यवस्था गरेको छु।

९६. लुम्बिनी प्रादेशिक अस्पतालमा आगोले पोलेका बिरामीको उपचार र शल्यक्रियाको लागि सुविधा सम्पन्न बर्न (Burn) वार्ड सञ्चालनको लागि पर्याप्त बजेट विनियोजन गरेको छु। ज्येष्ठ नागरिक अस्पताल र बाल अस्पतालको निर्माणको सम्भाव्यता अध्ययनका लागि बजेट व्यवस्था गरेको छु।

९७. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि स्वास्थ्यकर्मी तथा चिकित्सकहरूको क्षमता अभिवृद्धिको साथै राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदानको साथै स्वास्थ्य तालिम केन्द्रको गुरूयोजनामा आधारित रही भवन निर्माण तथा तालिम एवम् बायोमेडिकल वर्कसप सञ्चालनको लागि रू. ८ करोड बजेटको व्यवस्था गरेको छु।

९८. अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट वितरण गरिने निःशुल्क औषधीहरूको अभाव हुन नदिनको लागि रू. ३ करोड बजेट व्यवस्था गरेको छु।

९९. स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य यन्त्र र उपकरणहरू उपलब्धताको सुनिश्चितताको लागि रू.१९ करोड बजेट व्यवस्था गरेको छु।

१००. **स्वास्थ्य मन्त्री ग्रामीण स्वास्थ्य सचेतना प्रवर्द्धन कार्यक्रम** सञ्चालनको लागि रू. ३ करोड बजेट विनियोजन गरेको छु।

१०१. निर्वाचन क्षेत्र पुर्वाधार विकासमा आधारित सहभागितामूलक स्वास्थ्य कार्यक्रम सञ्चालनको लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु।

१०२. प्रदेशका सरकारी अस्पतालहरूमा डायलाईसिस सेवा विस्तारको लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु।

**कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण**

१०३. चालु आर्थिक वर्षदेखि प्रत्येक स्थानीय तहलाई एक अधिकृतस्तरका कर्मचारी राख्ने श्रोतको प्रबन्ध गरिएकोमा उक्त व्यवस्था पर्याप्त देखिएन। साविकका गा.वि.स. हाल वडामा परिणत भएको कारण एकजना कृषि प्राविधिकले एक स्थानीय तहमा यथेष्ट सेवा दिन सक्ने देखिएन। स्थानीय तहमा समेत कृषि जनशक्ति एकदमै न्यून छ। हाम्रा कृषकहरू कृषि प्राविधिक ज्ञानको अभावमा भाग्यवादी कृषि प्रणालीबाट गुज्रिरहेका छन्।

१०४. आगामी दिनमा लुम्बिनी प्रदेशका कृषकहरू भाग्यमा होइन कर्ममा विश्वास गर्नेछन्। अबदेखि प्रदेशका प्रत्येक किसान परिवारको आफ्नै कृषक योजना हुनेछ। कृषि क्षेत्रको आवश्यक तथ्याङ्क संकलन, कृषि सेवा, कृषक योजना निर्माण समेतमा कार्य गर्ने र ती कार्य गर्दा प्राविधिकले कार्य सम्पादनमा आधारित सुविधा पाउने गरी कृषि क्षेत्रको नयाँ कार्यक्रमको रूपमा **कृषि प्राविधिक सेवामा कृषकको पहुँच** नामक नयाँ कार्यक्रम कार्यान्वयनमा ल्याउने गरी प्रदेशका १०९ वटै स्थानीय तहमा कृषि अधिकृत र ९८३ वडामा कृषि प्राविधिकको व्यवस्थाका लागि रू. ३३ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट १०९२ जना प्रत्यक्ष रोजगार हुनेछन् भने प्रदेशका सबै कृषकहरू यस कार्यक्रममार्फत प्रदेश सरकारसँग जोडिनेछन्। यस कार्यक्रमले कृषि क्षेत्रमा ठूलै परिवर्तन ल्याउने आशा समेत गरेको छु।

१०५. विश्वव्यापी महामारीका रूपमा देखापरेको कोभिड-१९ का कारण प्रभावित भएका प्रदेशका जनताहरूको जीविकोपार्जनमा सुधार गर्न कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भताको अवस्थामा पुऱ्याउन मागमा आधारित **कोभिड विशेष कृषि तथा पशुपन्छी उत्पादनमा आधारित व्यवसाय संचालन**का लागि रू. ११ करोड बजेट

विनियोजन गरेको छु। यस कार्यक्रमबाट कम्तीमा २२०० घरधुरी प्रत्यक्ष लाभान्वित हुने आशा गरेको छु।

१०६. प्रदेशका सबै जिल्लाहरूमा प्रदेश सरकारको कृषि तथा पशुपञ्छी क्षेत्रमा प्रत्यक्ष सेवा सुनिश्चित गर्न रूपन्देही, नवलपरासी, गुल्मी तथा अर्घाखाँची जिल्लामा कृषि तथा पशुपञ्छी हेर्ने कार्यालय स्थापना गर्न बजेट विनियोजन गरेको छु।

१०७. आयात प्रतिस्थापन गर्दै प्रदेशलाई आत्मनिर्भर बनाउन हाल उत्पादन सामग्रीमा दिंदै आएको अनुदान कार्यक्रमलाई प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा रूपान्तरण गर्न आवश्यक देखिएको छ। यस सन्दर्भमा उक्त कार्यक्रमलाई थप परिष्कृत तथा परिमार्जन गरी विशेष बालीवस्तुहरू; चैते धान, हिउँदे तथा वसन्ते मकै, मसिना तथा वासनादार धान, तोरी, मुसुरो, मह, दुध र माछामा प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम शुरू गरेको छु। यस कार्यक्रमका लागि रू.३२ करोड ५० लाख विनियोजन गरेको छु।

१०८. एक स्थानीय तह एक स्मार्ट कृषि गाउँ अभियान अनुरूप प्रदेशका सबै स्थानीय तहहरूमा संचालनमा रहेको **"स्मार्ट कृषि गाउँ कार्यक्रम"** लाई निरन्तरता दिंदै थप प्रभावकारी बनाउँदै लगिनेछ। यस कार्यक्रमका लागि रू. ३५ करोड विनियोजन गरेको छु।

१०९. हालसम्म ९२० हेक्टरमा संचालनमा रहेको करार खेती कार्यक्रमलाई आगामी आर्थिक वर्षमा १२०० हेक्टरसम्म विस्तार गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा खेती गर्न चाहने कृषकलाई जग्गा भाडाबापतको रकम र आवश्यक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन रू. ५ करोड विनियोजन गरेको छु। यस सम्बन्धी कार्यविधिलाई आगामी आर्थिक वर्षमा परिमार्जन गरी व्यवहारिक बनाउने व्यवस्था मिलाएको छु।

११०. **"सबै कृषकका लागि सुलभ कर्जा"** अभियानका रूपमा आर्थिक वर्ष २०७६/०७७ बाट सुरूवात गरिएको ब्याजमा अनुदान कार्यक्रमलाई प्रदेशभित्रका बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा सबै कृषकको पहुँच पुग्ने गरी सरलीकृत बनाउँदै लगिनेछ। कृषि तथा पशुपञ्छी व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानीका लागि ब्याजमा अनुदान उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु।

१११. पशु स्वास्थ्यको संरक्षण र संवर्द्धनका लागि एक स्वास्थ्य अवधारणा अवलम्बन गर्दै तराईका ६ जिल्लाहरूमा प्रारम्भ गरिएको **"खोरेत रोग उन्मूलन अभियान"** संघीय

सरकारसँगको सहकार्यमा प्रदेशका १० जिल्लामा विस्तार गरिनेछ। यस कार्यक्रमका लागि रू. ४ करोड विनियोजन गरेको छु।

११२. **"एक जिल्ला, एक श्रोत केन्द्र"** को अवधारणा अनुसार स्थानीय तहसँगको सहकार्यमा श्रोतकेन्द्र स्थापना कार्यलाई निरन्तरता दिइनेछ। नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा पुष्प, अर्घाखाँचीमा बाख्रा, कपिलवस्तुमा वागवानी, दाङमा मौरी, पाल्पामा फलफूल, रोल्पामा तरकारी, रूपन्देहीमा गाई, दाङमा भैंसी, बांकेमा बाख्रा, बर्दियामा बंगुर, पूर्वी रूकुममा भेडाको श्रोतकेन्द्र स्थापना तथा संचालनका लागि रू. ५ करोड विनियोजन गरेको छु।

११३. स्वदेशी उन्नत तथा हाईब्रिड जातहरू र नश्लको विस्तार गर्न र बिउमा आत्मनिर्भर भई बढी भएको बिउ बिजन निर्यात गर्न तराईका जिल्लामा बिउ बजारीकरण पूर्वाधारहरूको विकास एवम् विस्तार गरिनेछ। पहाडी जिल्लाहरूमा प्याज लगायतका तरकारी बिउ र तराईमा अन्न, दलहन तथा तेलहन बालीको बिउ प्रवर्द्धन कार्यक्रमका लागि रू. ३ करोड विनियोजन गरेको छु। डिजिटल प्रविधिमा आधारित बिउबिजनको वासलात तयार गरी बिउको माग र आपूर्तिलाई व्यवस्थित गरिने छ। यसका लागि आवश्यक बजेट छुट्याएको छु।

११४. निजी तथा सहकारी संस्थाहरूको सहकार्यमा व्यवसायिक धान प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याइनेछ। तीनवटै सरकारको समन्वयमा मुख्य बाली तथा वस्तुमा तोकिएको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्न तथा बजारका अन्य पूर्वाधार विकास गरी कृषकहरूको उत्पादनलाई उपभोक्तासँग जोड्नका लागि रू. ६ करोड बजेट विनियोजन गरेको छु।

११५. कृषिकर्मी तथा कृषि श्रमिकहरूलाई उद्यमी बनाउने नीति अनुसार कृषि तथा पशुजन्य फर्म तथा निजी कम्पनीहरूमा रोजगारी प्रवर्द्धन गर्न बिमा, स्वास्थ्य उपचार र सामाजिक सुरक्षासहित संचालनमा रहेको **कृषिकर्मी रोजगार कार्यक्रम**का लागि रू. ६ करोड विनियोजन गरेको छु। यसबाट ८०९ जना कृषिकर्मीको रोजगारी सुनिश्चित हुनेछ।

११६. **एक वडा एक हरित स्वयम् सेवक**को नीति अनुरूप कृषि प्रविधि प्रसार सेवालाई थप प्रभावकारी रूपमा प्रवाह गर्न सबै ९८३ वडामा परिचालन गरिएका हरित स्वयंसेवकहरूलाई नमुना फार्म स्थापना, प्रविधि प्रदर्शन, प्रतिफलमा आधारित प्रोत्साहन

अनुदान कार्यक्रम र सिप विकास तालिममार्फत क्षमता विकास गरिनेछ। यसका लागि रू. ९ करोड विनियोजन गरेको छु।

११७. दुधमा आत्मनिर्भर यस प्रदेशमा मुख्य समयमा उत्पादन हुने अधिक दुधको बजार प्रवर्द्धन गर्न दुग्ध उत्पादनको विविधीकरण गर्ने व्यवस्था गरेको छु। दुग्ध प्रशोधनका लागि UHT प्लान्ट, चिज तथा छुर्पी उत्पादन उद्योगहरू र चिज उद्योगको लागि व्याजमा अनुदान लगायत कार्यक्रम मार्फत सहयोग गर्न रू. ८ करोड बजेट विनियोजन गरेको छु। यसले समय समयमा हुने मिल्क होलिडेको समस्यालाई समाधान गर्ने विश्वास लिएको छु।

११८. मत्स्य उत्पादन र प्रवर्द्धनमा टेवा पुऱ्याउन नयाँ पोखरी निर्माण तथा सुधार, मत्स्य ह्याचरी निर्माण तथा सुधार, कोल्ड स्टोरेज तथा भ्याकुम क्लिनिङ्ग, माछा बिक्री स्टल, भुरा उत्पादन तथा बिक्रीवितरण लगायतका यान्त्रीकरण कार्यक्रमका तथा प्राविधिक सेवा संचालनका लागि रू. ४ करोड विनियोजन गरेको छु। यसबाट २ करोड माछाका भुरा उत्पादन हुनेछन्।

११९. समूह सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशको विशेष बाली वस्तुको उत्पादन तथा ब्रान्डिङ गरी बजारीकरण गर्ने ब्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशको एक मात्र अर्गानिक जिल्ला रूकुम पूर्वको प्राङ्गारिक अभियानलाई अन्य जिल्लाहरूमा समेत विस्तारका लागि सहयोग पुग्ने गरी संघीय सरकारसँगको समन्वयमा सघन कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनोयोजन गरेको छु।

१२०. सुदृढ तथा सबल प्रयोगशाला सेवामार्फत कृषकलाई उच्चतम प्राविधिक सेवा प्रदान गर्न सकिने यथार्थलाई महशुस गरी प्रदेशभित्र संचालित कृषि तथा पशुपञ्छी प्रयोगशालाहरूको स्तरोन्नति गर्ने गरी बजेट छुट्याएको छु। नवलपरासीमा स्थापित प्रदेश पशु रोग अन्वेषण प्रयोगशालालाई नमुना प्रयोगशालाको रूपमा विकास गर्न र हरेक जिल्लाहरूमा माटो परीक्षणको लागि मिनिल्याव तथा बाली उपचारका लागि बाली उपचार शिविर संचालनमा ल्याउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२१. सिंचाई सुविधा कृषि उत्पादकत्व वृद्धिको आधारको रूपमा रहेको यथार्थतालाई महसुस गरी संचालनमा आएको सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु। सिंचाईं सहितको कृषि उत्पादन कार्यक्रम र नवीनतम सिंचाई प्रविधिको

प्रयोगलाई प्रोत्साहन गर्नका लागि सिंचाई लक्षित कार्यक्रमका लागि रू. ३ करोड विनियोजन गरेको छु।

१२२. पशुपञ्छी रोगको विशेष उपचार सेवामा क्षमता वृद्धि गर्ने उद्देश्यका साथ हाल निर्माणाधीन रहेको भेटेरिनरी रिफरल अस्पताल रूपन्देहीको निर्माण कार्यलाई निरन्तरता प्रदान गर्नका लागि रू. ४ करोड विनियोजन गरेको छु।

१२३. तराईका ६ जिल्लाहरूमा लसुन प्याज, पहाडका ६ जिल्लामा कागती, सुन्तला, पहाडका ६ जिल्ला र बाँके जिल्लामा भेडा बाख्रा, रूपन्देही, दाङ, बर्दियामा बङ्गुर तथा १२ वटै जिल्लामा मकै भट्टमास मिसन र आलु मिसनलाई निरन्तरता दिइनेछ। कृषकहरूको माग अनुरूप यस वर्षदेखि दलहन र तेलहन मिसन समेत थप गरी अभियानमुखी मिसन कार्यक्रम संचालनका लागि रू. १३ करोड विनियोजन गरेको छु।रोड कोरिडोर केन्द्रित व्यवसायिक कृषि तथा पशुपञ्छी उत्पादन कार्यक्रमलाई ठूला बजारहरूसँग जोड्ने गरी रू. २ करोड ५० लाख विनियोजन गरेको छु।

१२४. नदी, खोला तथा खहरेका कारण क्षति भई बगरमा परिणत कृषि जमिनलाई उत्पादनशील बनाई आयआर्जन कार्यक्रमसँग जोड्ने उद्देश्यका साथ कम्तीमा १२५ हेक्टरमा खेती विस्तार हुने गरी सम्भावित तराईका जिल्लाहरूमा बगर खेती कार्यक्रमका संचालनका लागि रू. १ करोड २० लाख विनियोजन गरेको छु। यसबाट ४८० भूमिहीन कृषकले रोजगार प्राप्त गर्नेछन्।

१२५. कृषि उत्पादन सामग्रीको भण्डारण तथा वितरण प्रणाली व्यवस्थित बनाउन सहकारीसँगको साझेदारी र सरकारको कृषि वस्तुको प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक बजेट छुट्याएको छु।

१२६. व्यवसायिक तालिम तथा कृषि सामग्री उपलब्ध गराई कृषकको उद्यमशिलता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशमा रहेका कृषि प्राविधिक सेवाबाट सेवा निवृत कर्मचारी तथा विज्ञहरूको विज्ञतालाई सदुपयोग एवम् स्थानीय तह तथा प्रदेशका कृषि क्षेत्रमा कार्यरत कर्मचारीको क्षमता तथा वृति विकासका कार्यक्रमहरू संचालनका लागि समेत बजेट छुट्याएको छु।

१२७. **म किसान, प्रदेशको शान** भन्ने नारासहित उत्कृष्ट कृषक, कृषि उद्यमी एवम् कृषि सहकारीलाई मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारले पुरष्कृत गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. कृषि सम्बन्धी सूचनामा पहुँच वृद्धिका लागि **किसान कल सेन्टर**को सेवालाई थप वैज्ञानिक एवम् प्रभावकारी बनाउनुको साथै भविष्यमा आउनसक्ने कृषि तथा पशुपञ्छीजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आकष्मिक सेवाका कार्यक्रम संचालनका लागि बजेट विनियोजन गरेको छु । सघन पशु क्षेत्र तथा पिछडिएको क्षेत्रहरूमा घरदैलो (Door to Door) पशु स्वास्थ्य नियमन/शिविरहरू संचालन गर्न बजेट छुट्टयाएको छु।

**श्रम, सीप विकास तथा रोजगारी**

१२९. **"सीपयुक्त व्यक्ति कहिल्यै भोकै मर्दैन"** भन्ने कुरालाई प्रदेशवासी युवाहरूले महशुस गर्न बाँकी नै रहेको देखिन्छ। देशमा रहेको सीपयुक्त रोजगारीका लागि आफूलाई तयार नगर्ने र अदक्ष कामदारको रूपमा विदेश जाने प्रवृतिमा परिवर्तन ल्याउन सीप विकासलाई एक अभियानको रूपमा अघि बढाउनुपर्ने आवश्यकता महशुस गरेको छु। सरकारी एवम् विभिन्न तहबाट सञ्चालित तालिममा थुपै युवाहरू सहभागी पनि भए तर पनि सीपसँग सम्बन्धित रोजगार वा स्वरोजगारमा जानेको संख्या असाध्यै न्यून रहेको पाइएको छ। यसको प्रमुख कारण बजारको माग अनुरूप गुणस्तरीय तालिम दिन नसक्नु नै हो भन्ने मलाई लागेको छ।

१३०. गुणस्तरीय तालिमका लागि गुणस्तरीय पाठ्यक्रम, दक्ष प्रशिक्षक, प्रभावकारी शिक्षण विधि र सीप परीक्षण आवश्यक पूर्व शर्त हुन्। यी सबै विषयमा दक्षता हासिल गर्न हामीले थप कार्य गर्नुपर्ने भएको छ। तसर्थ आगामी आर्थिक वर्षमा यी सबै विषय सम्बोधन गर्नेगरी **सीप प्रतिष्ठान** (Skill Academy) स्थापना गरिनेछ। उक्त प्रतिष्ठानले स्वदेशी तथा विदेशी बजारको माग अध्ययन, पाठ्यक्रम निर्माण तथा स्वीकृति, प्रशिक्षकको योग्यता निर्धारण तथा सिप परीक्षणजस्ता क्षेत्रमा विशिष्टीकृत संस्थाको रूपमा कार्य गर्नेछ।

१३१. कोभिड-१९ को नयाँ भेरियन्टका कारण रोजगारी गुमाएका असंगठित क्षेत्रका श्रमिक तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई श्रममा आवद्ध गर्ने गरी निर्माण कार्यमा लगाउन श्रममा आधारित निर्माण पद्धतिको अवलम्बन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१३२. मुक्त कमैया,माझी,कुमाल,चुनारा एवम् लोपोन्मुख सीमान्तकृत र विपन्न वर्गलाई सिपमुलक र प्रविधि हस्तान्तरण कार्यक्रम सबै जिल्लामा सञ्चालन हुने व्यवस्था मिलाएको छु । **एकल महिला उद्यमी प्रविधि हस्तान्तरण** कार्यक्रम सबै जिल्लामा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।यसबाट प्रदेशका सबै एकल महिलाहरू स्वयम् रोजगार हुने आशा लिएको छु ।

१३३. बुद्धकालीन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला, ललितकला र मूर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्न १०० जना युवायुवतीका लागि पूर्ण छात्रवृत्तिको व्यवस्था गरेको छु ।

१३४. इन्जिनियरिङ, विज्ञान, स्वास्थ्य र कृषिजस्ता क्षेत्रलाई लक्षित गरी प्रदेश स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिएको छु। यसबाट हाल यी क्षेत्रमा रहेको जनशक्तिको अभावलाई समेत सम्बोधन गर्न सहयोग मिल्ने आसा गरेको छु ।

१३५. कोभिड -१९ को कारणले रोजगारीमा परेको असरलाई सम्बोधन गर्नका लागि युवाहरूको सीप स्तरोन्नतिका तालिमहरू उपलब्ध गराउन र प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१३६. कोभिड -१९ को कारणले रोजगारीमा परेको असरलाई व्यवस्थित हिसाबले सम्बोधन गर्न श्रम तथा रोजगारीको माग र आपूर्ति व्यवस्थापनका लागि प्रदेश योजना आयोगबाट अध्ययन गरी एकीकृत श्रम तथा रोजगार सम्बन्धी संयन्त्र सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु।

१३७. औद्योगिक विकासमा असल श्रम सम्बन्धको ठूलो महत्व रहन्छ। त्यसैले असल श्रम सम्बन्ध निर्माणको क्षेत्रमा प्रदेशको भूमिका र जिम्मेवारी यकिन गर्नुको साथै आगामी आर्थिक वर्षमा श्रम कानून निर्माणको कार्य अघि बढाउने प्रबन्ध मिलाएको छु।

१३८. प्रदेशमा रहेका सीमान्तकृत समुदायको आर्थिक सामाजिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न र लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायका व्यक्तिहरूले प्रयोगमा ल्याएका भाषाहरूको शोधकार्य, लिपि विकास र संरक्षणका कार्यहरूलाई बजेट विनियोजन गरेको छु ।

**उद्योग, वाणिज्य तथा आपूर्ति**

**माननीय सभामुख महोदय,**

१३९. प्रदेशको एक मात्र हिमाली जिल्ला रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा जनतालाई न्यूनतम आवश्यक पर्ने, दाल, नुन, तेल लगायतका वस्तु सुलभ तरिकाले उपलब्ध गराउन सो गाउँपालिकामा आपूर्ति केन्द्र स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४०. प्रदेशस्तरमा गत आर्थिक वर्षदेखि स्थापित आपूर्ति संयन्त्रलाई थप प्रभावकारी गराउन बजेटमा वृद्धि गरेको छु। खाद्यान्न उत्पादन र जिल्लास्तरको आपूर्तिको अवस्थामा नियमित अद्यावधिक भई खाद्य सुरक्षाको प्रत्याभूति हुने व्यवस्था मिलाइएको छ। भैरहवामा प्रदेशको लगानीमा निर्माण गरिएको खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला यसै वर्षदेखि संचालनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४१. जिल्ला तहसँगको सहकार्यमा बजार अनुगमन पद्धतिलाई खाद्यवस्तु लगायत बजार, औषधी पसल, अस्पतालको प्रयोगशाला, एग्रोभेट समेतमा मासिक रूपमा अनुगमन गर्ने व्यवस्था मिलाएको छु। बजारमा एकाधिकार, कार्टेलिंग, कालोबजारी र मूल्य मिलेमतोको अन्त्य गर्ने दिशामा प्रभावकारी कदम चालिनेछ। प्रदेशका १२ वटै जिल्लामा उद्योग तथा वाणिज्य फर्महरूलाई सामाजिक दायित्व र कर्तव्यको विषयमा अभिमुखीकरण गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

१४२. कोभिड-१९ का कारण रोजगारी गुमाएकाहरूलाई प्रदेशमा उद्यम सञ्चालन गर्न आवश्यक पर्ने ऋणमा ब्याज अनुदान दिने गरी गत आर्थिक वर्षदेखि सञ्चालनमा रहेको लघु, घरेलु तथा साना उद्योग विकास कोषलाई निरन्तरता दिएको छु । यसका लागि रू. ३ करोड कोषमा थप गर्ने व्यवस्था मिलाएको छु । ग्रामीण क्षेत्रमा नव प्रवर्द्धनात्मक उद्योगलाई अनुदान उपलब्ध गराउने कार्यका लागि रू. २ करोड विनियोजन गरेको छु। वन र जडीबुटीजन्य उद्यमका लागि रू. २ करोड विनियोजन गरेको छु।

१४३. नेपाल सरकारबाट घोषणा गरिएका औद्योगिक ग्राममा स्थानीय सरकारसँग साझेदारी हुने गरी पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु । पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएका क्षेत्रमा औद्योगिक ग्रामको विस्तृत सम्भाव्यता अध्ययनको लागि

आवश्यक बजेट विनियोजन गरेको छु । चन्द्रौटा, कृष्णनगर क्षेत्रमा प्रदेश औद्योगिक कोरिडोरको सम्भाव्यता अध्ययन यसै वर्ष सम्पन्न गरिने छ ।

१४४. दलित समुदायले परम्परादेखि अँगाल्दै आएको शिल्प व्यवसाय प्रवर्द्रन र स्तरवृद्धि गरी स्वरोजगार बनाउन १२ वटै जिल्लामा **भगत सर्वजित सीप विकास तथा प्रवर्द्धन कार्यक्रम** सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

१४५. प्रदेशको चिनारीको रूपमा रहेका विशेष उत्पादनलाई सहयोग गर्ने कार्यक्रममार्फत अल्लो उद्योग (दाङ, गुल्मी, रोल्पा, प्युठान), खुकुरी र परम्परागत कृषि औजार (दाङ, रोल्पा, प्युठान), कफी (गुल्मी), ठेकी र काठजन्य भाँडाकुडा (दाङ र अर्घाखाँची), ढाका, करूवा र पानस (पाल्पा), वेतबाँस (बर्दिया), उनी-कम्बल (रूकुमपूर्व), ढकिया (नवलपरासी, रूपन्देही,बाँके र बर्दिया) लाई प्रवर्द्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१४६. प्रदेशको पहाडी क्षेत्रबाट तराई तथा शहरी क्षेत्रमा बसाइसराइ गर्ने क्रम बढ्नाले पशुपालन कम हुने र खर बावियो जस्ता वनजन्य घाँसहरू बढ्नाले हिउँदको समयमा डढेलो विस्तारको माध्यम बनेका छन। अर्कोतर्फ प्रदेशमा आयातित कागजको प्रयोग भइरहेको छ। त्यसैले कागजको लागि कच्चा पदार्थको रूपमा रहेको खर लगायतका वस्तुहरूको सदुपयोग हुने एवम् ग्रामीण क्षेत्रमा अप्रत्यक्ष रोजगारी सिर्जना हुने र कागजको आयात प्रतिस्थापन गर्न आगामी आर्थिक वर्षमा कागज कारखाना स्थापनाको कार्य अघि बढाउन रू. १ करोड विनियोजन गरेको छु।

१४७. आधुनिक प्रविधि आयात गर्ने उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था सबै जिल्लामा मिलाइएको छ । ईँटा भट्टा, सिमेन्ट कारखाना लगायत ठुलो संख्यामा रोजगारी सिर्जना हुने क्षेत्रमा विदेशी श्रम विस्थापनका लागि तालिम र प्रविधि हस्तान्तरणको व्यवस्था मिलाएको छु । यसका लागि रू. १ करोड विनियोजन गरेको छु। सञ्चालित उद्योगहरूको स्तरोन्नति तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४८. उद्योगीहरूलाई व्यवसायिक योजना निर्माण र ऋण प्राप्ति प्रकृयामा सहजीकरणको लागि विशेष व्यवस्था मिलाएको छु ।

**खानेपानी तथा सरसफाई**

१४९. कोभिड-१९ नयाँ भेरियन्टको कारण सम्पन्न गर्न बाँकी रहेको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) निर्माण कार्य स्थानीय तह समेतको सहकार्यमा सम्पन्न गरी सोही योजनाको आधारमा खानेपानी आयोजनाहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ।

१५०. प्रदेश सरकारको **"एक घर, एक धारा"** को संकल्पलाई पूरा गर्न चालु आर्थिक वर्षमा क्रमागत आयोजनाको रूपमा रहेका ५५० वटा आयोजनामध्ये आगामी आर्थिक वर्षमा २०० वटा आयोजना सम्पन्न गर्न र अन्य आयोजनालाई निरन्तरता दिन रू. १ अर्ब ६७ करोड बजेट विनियोजन गरेको छु।

१५१. बढ्दो जलवायु परिवर्तनको असरले खानेपानीका मुहानहरू सुक्दै गएको तथा खानेपानी अभावकै कारण अव्यवस्थित आन्तरिक बसाइँसराइ गर्ने क्रम निरन्तर बढ्दै गइरहेको सन्दर्भमा प्राकृतिक श्रोतको संरक्षण गर्दै खानेपानीको सहज पहुँच पुऱ्याउनका लागि ग्राभिटी, लिफ्टिङ्ग तथा भूमिगत प्रविधिमा आधारित खानेपानी आयोजनाहरूको निर्माण, मर्मत संभार तथा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

१५२. खुला दिसामुक्त प्रदेश घोषणा भइसकेको परिप्रेक्ष्यमा दोश्रो चरणमा पूर्ण सरसफाई उन्मुख प्रदेश बनाउन हातधुने, सुरक्षित खाना, स्वच्छ पिउने पानी, चर्पीको सरसफाई, घर-आँगन तथा वातावरणको सरसफाई जस्ता कार्यक्रमहरू स्थानीय तहसँगको समन्वयमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिएको छु। यस कार्यक्रमबाट कोभिड-१९ को नयाँ भेरियन्ट लगायतका संक्रामक रोगहरू नियन्त्रण गर्न सघाउ पुग्ने विश्वास लिएको छु।

१५३. सुरक्षित एवम् सरसफाईयुक्त यातायातको दिगो व्यवस्थापनका लागि पूर्व-पश्चिम लोकमार्गमा निर्माणाधीन रूपन्देहीको सैनामैना र कपिलवस्तुको चन्द्रौटामा २ वटा पुनर्ताजगी केन्द्र (रिफ्रेस सेन्टर) को आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। साथै निर्माणाधीन अवस्थामा रहेका नवलपरासी (ब.सु.प.) को बर्दघाट, दाङको लमही र बर्दियाको बाँसगढीको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। यस कार्यक्रमका लागि रू. १३ करोड ५० लाख विनियोजन गरेको छु।

१५४. बढ्दो शहरीकरणसँगै फोहोरमैलाको दिगो एवम् प्रभावकारी व्यवस्थापन गर्न बुटवल उप.म.न.पा. ७, रूपन्देहीमा स्यानिटेशन पार्क निर्माण कार्यलाई अगाडि बढाइनेछ। साथै

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूको समन्वय तथा संयुक्त लगानीमा रूपन्देहीको सैनामैनामा निर्माण गरिने स्यानिटेशन पार्कको अध्ययन कार्य सम्पन्न गरिनेछ। यस कार्यक्रमका लागि रू. १ करोड बजेट विनियोजन गरेको छु।

१५५. नेपाल सरकारबाट हस्तान्तरण भई आएका सशर्ततर्फका खानेपानी आयोजनालाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु । यस प्रयोजनको लागि रू. ८९ करोड विनियोजन गरेको छु।

**सिंचाई तथा नदी नियन्त्रण**

१५६. **कृषिको मूल आधार सिंचाइको पूर्वाधार** भन्ने कुरालाई मनन् गरी कृषि उत्पादन अभिवृद्धि गर्न मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सतह, लिफ्ट र भूमिगत सिंचाइ (डिप र स्यालो ट्यूवेल) तथा जलाशय निर्माण गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु।

१५७. व्यवसायिक कृषिको विकास एवम् प्रवर्द्धनका लागि सिंचाइको विकास गर्न चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका भूमिगत सिंचाइतर्फका १६८ वटा आयोजना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइतर्फ २७५ वटा आयोजनाहरूको निर्माण कार्य सम्पन्न गरी थप ३५०० हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउनुका साथै ८००० हेक्टरमा सिंचाइ सुविधा पुग्ने गरी सिंचाइ प्रणालीको सुदृढीकरण गरिनेछ । यस कार्यक्रमका लागि रू. १ अर्ब ८७ करोड ४३ लाख विनियोजन गरेको छु।

१५८. प्रदेशभित्र खाद्यान्न उत्पादनका लागि भण्डार मानिएका तराईका कपिलवस्तु, दाङ, बाँके, बर्दिया, रूपन्देही र नवलपरासी, माडि-लुङ्ग्री करिडोर, पाल्पाको माडिफाँट, लघुवाफाँट अर्गली, रामपुर जस्ता उर्वर भूमिमा सिंचाइको पहुँच अभिवृद्धि गर्न तथा भूमिगत स्यालो ट्युववेल अनुदानमा उपलब्ध गराउने र छिटो प्रतिफल दिन सक्ने खालका लिफ्ट सिंचाइ आयोजना निर्माणका लागि सिंचाइ विशेष कार्यक्रम आगामी आर्थिक वर्षमा समेत सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१५९. प्रदेशमा सञ्चालित सिंचाइ प्रणालीको मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। परम्परागत रूपमा कृषकहरूद्वारा निर्मित तथा कृषककै व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणालिको मर्मत सम्भारका लागि माग र प्राथमिकताका आधारमा मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१६०. संयुक्त व्यवस्थापनमा सञ्चालन भइरहेका वाणगंगा र प्रगन्ना बड्कापथ सिंचाइ आयोजनाहरूको नियमित मर्मत सम्भार तथा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु। उक्त आयोजनाहरूको दिगो व्यवस्थापन गर्ने कार्यमा जल उपभोक्ता समितिलाई सक्षम र जिम्मेवार बनाउँदै लगिनेछ।

१६१. भूमिगत जलको पुनर्भरण (Recharge) गर्न जलाशययुक्त आयोजनाको पूर्वसम्भाव्यताको आधारमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ। जवई सखुनिया ताल सिंचाइ आयोजना जस्ता आयोजनाहरूलाई कार्यान्वयनमा लैजान आवश्यक बजेटको व्यवस्था गरेको छु। यसबाट जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न थप टेवा पुग्ने विश्वास लिएको छु।

१६२. जल उत्पन्न प्रकोपलाई नियन्त्रण गर्ने कार्य गर्दा बस्ती तथा सदरमुकामको संरक्षणलाई प्राथमिकता दिई विगत आर्थिक वर्षदेखि सञ्चालित नदी नियन्त्रण, पहिरो व्यवस्थापन जस्ता प्रकोप न्यूनीकरणको कार्यलाई माग र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । यस कार्यक्रमका लागि रू. ५३ करोड १० लाख विनियोजन गरेको छु।

**विद्युत एवम् वैकल्पिक उर्जा**

१६३. प्रदेशका नागरिकहरूलाई ऊर्जाको न्यूनतम पहुँच सुनिश्चित गर्दै **"उज्यालो प्रदेश"** को संकल्प प्रस्ताव कार्यान्वयन गर्न जलविद्युत, सौर्य ऊर्जा, वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६४. सौर्य ऊर्जा उत्पादन गर्न चाहने निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरिनेछ । राष्ट्रिय ग्रिडबाट विद्युत पुऱ्याउन नसकिएका वा आर्थिक रूपले विद्युत पुऱ्याउन नसकिएका स्थलहरूमा विद्युत पहुँच पुऱ्याउन घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्दा ९० प्रतिशतसम्म अनुदान दिने व्यवस्थालाई निरन्तरता दिएको छु । सो कार्यका लागि रू. १ करोड विनियोजन गरेको छु।

१६५. विद्युत वितरण प्रणालीको सुधारका लागि प्रदेशभित्रका आवश्यक स्थानमा ट्रान्सफर्मर जडान तथा काठको पोल विस्थापनको लागि विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ । यस कार्यको निरन्तरताको लागि रू. ७ करोड विनियोजन गरेको छु।

**सडक तथा पूर्वाधार निर्माण**

१६६. निर्माण व्यवसायीले निर्माण कार्यको जिम्मा लिने तर समयमा कार्यसम्पन्न नगर्ने प्रवृतिलाई निरूत्साहित गर्न एउटै व्यवसायीले धेरै ठेक्का लिने तर समयमा काम नगर्ने, मोविलाइजेशन पेश्की लिने तर अन्य कार्यमा प्रयोग गर्ने जस्ता निर्माण व्यवसायमा देखिएका विकृतिको अन्त्यको लागि आगामी आर्थिक वर्षमा विशेष पहल गरिनेछ। यसका लागि संघीय सरकारसँगको समन्वयमा प्रत्येक निर्माण व्यवसायीको क्षमता मूल्याङ्कन गरी त्यस्ता व्यवसायीले लिन पाउने अधिकतम् ठेक्का निर्धारण गर्ने र सो भन्दा बढी रकमको ठेक्का लिन नपाउने स्वचालित प्रणालीको निर्माण गरी इ-बिडिङसँग जोड्ने कार्य अघि बढाउने व्यवस्था मिलाएको छु। यस प्रकारको व्यवस्था प्रदेशको खरिद नियमावलीमा समावेश गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ। तर गुणस्तरीय कार्य समयमै सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिएको छु।

१६७. कोभिड-१९ को नयाँ भेरियन्टको कारण जारी भएको निषेधाज्ञाका कारणले प्रभावित भएका चालु आर्थिक वर्षमा सम्झौता भई कार्यान्वयनमा रहेका आयोजनाहरू आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१६८. आयोजनाको गुणस्तरियता तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन स्वदेशी तथा विदेशी निर्माण कम्पनीहरूमा निर्माण सम्बन्धी कार्य गरेका व्यक्तिलाई उनीहरूले हासिल गरेको सीप र दक्षताको परीक्षण तथा सूचीकृत गरी आयोजनाको सुपरीवेक्षण कार्यमा खटाउने व्यवस्था मिलाएको छु। यस कार्यबाट आयोजनाको गुणस्तर कायम हुनुका साथै रोजगारीका अवसरहरू सिर्जना हुने अपेक्षा गरेको छु।

१६९. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको रामपुरदेखि कपुरकोट सम्मको **जीवराज आश्रीत कृष्णसेन इच्छुक मार्ग** अन्तर्गत पाल्पा, अर्घाखाँची, प्यूठान र रोल्पा जिल्लामा गत आर्थिक वर्षमा सञ्चालित ३ वटा बहुवर्षीय ठेक्का आयोजनाहरू सम्पन्न गरी बाँकी खण्डहरूको बहुवर्षीय ठेक्का कार्यान्वयनको आवश्यक व्यवस्था मिलाएको छु। यस कार्यको लागि रू. १४ करोड ५० लाख विनियोजन गरेको छु।

१७०. प्रदेशको रणनीतिक महत्वका दाङ उपत्यकाको दामोदर मार्ग, अर्घाखाँची जिल्लाको गच्छे-ढिकुरा-धनचौर-जलुके-लामाताल-बडीदमार-शान्तिपुर सडक, रूपन्देही जिल्लाको बेथरी-गुर्वनिया-खैराघाट सडक, बुटवल उप-महानगरपालिकाको पुरानो बसपार्कदेखि

योगिकुटी सम्मको कालिकापथ, नवलपरासी ब.सु.प.को सुनवल-पर्सावल-अम्रोट-बन्जरिया-घिनाहा-बकेना सडक, पटौटी-दुर्गाफाँट-कुखुरेदेउराली-खर्ज्याङ्ग-सिमिचौर-तम्घास सडक, बाँकेको खजुरा बिगाँउ-ईगाँउ-पिलाडी-कोहलपुर सडक लगायतका १९ वटा सडकहरूको निर्माण कार्यलाई निरन्तरता दिएको छु। जसको लागि रू. ६४ करोड बजेटको व्यवस्था गरेको छु।

१७१. प्रदेश सरकारद्वारा निर्माण शुरू गरिएका प्रदेश भित्रका ११ वटै जिल्लाका २१ वटा स्थानीय तहहरूलाई नजिकको राजमार्ग र सहायक राजमार्गमा आवद्ध गर्न स्थानीय तह पहुँचमार्ग कार्यक्रमलाई प्रदेश सरकारकै तर्फबाट सम्पन्न गर्न निरन्तरता दिने व्यवस्था मिलाएको छु। नेपाल सरकारद्वारा सबै स्थानीय तहमा पक्की सडक पुऱ्याउने कार्य संघीय सरकारको तर्फबाट अघि बढाइएको सन्दर्भमा अन्य स्थानीय तहहरूमा समेत स्थानीय तह पहुँचमार्ग कार्यक्रम अगाडि बढाइनेछ। यस कार्यको लागि रू. ५६ करोड ४५ लाख बजेटको व्यवस्था मिलाएको छु।

१७२. कृषि उत्पादनको बजारीकरण तथा कृषि क्षेत्रको प्रवर्द्धन गर्नका लागि कृषि सडक निर्माण गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिएको छु। यस कार्यक्रमको लागि रू. ९ करोड ९८ लाख विनियोजन गरेको छु।

१७३. प्रदेशबाट निर्माण कार्य शुरू गरिएका उद्योगस्थल पहुँच मार्गको निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७४. सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्डमा वर्षेनी हुने दुर्घटनाको जोखिमलाई न्यूनीकरण गर्न वैकल्पिक मार्गको रूपमा बुटवल धागो कारखाना-चरङ्गे-झुम्सा सडकको खण्डास्मिथ तथा उक्त सडकमा पर्ने ३ वटा सडक पुलहरूको निर्माण कार्य सम्पन्न गरी नियमित यातायात सञ्चालनमा ल्याउनका लागि रू. १० करोड विनियोजन गरेको छु।

१७५. हुलाकी सडक तथा पूर्व-पश्चिम लोकमार्ग सञ्जालसँग आवद्ध हुने गरी दक्षिणी सीमासँग जोडिने यस प्रदेशका तराईका ६ वटा जिल्लाका १८ वटा सीमा सडकको निर्माण कार्यलाई निरन्तरता दिने गरी रू. ३४ करोड ३८ लाख विनियोजन गरेको छु।

१७६. पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेशभित्रका धार्मिक एवं पर्यटकीय स्थलसम्म सहज आवागमनका लागि विगत आर्थिक वर्षदेखि प्राथमिकतामा परेका पाल्पाको रानीमहल, बर्दियाको ठाकुरद्वारा, गुल्मीको विचित्र गुफा लगायतका ८ वटा जिल्लाका १५ वटा

पर्यटकीय स्थलहरूलाई नजिकको मुख्य सडकसँग जोड्ने गरी पर्यटकीय स्थल पहुँचमार्ग निर्माण तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिएको छु। यस कार्यक्रमको लागि रू. २२ करोड ८५ लाख बजेटको व्यवस्था गरेको छु।

१७७. सडक सञ्जालको दिगो व्यवस्थापनका लागि कार्यसम्पादनमा आधारित करार सम्झौता गरी प्रदेशका प्राथमिकता प्राप्त १०६ वटा सडकमा नियमित मर्मत सम्भारको कार्यलाई निरन्तरता दिन रू. २२ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट सडक दिगो रूपमा सुरक्षित हुनुका साथै करिब ७५० जनालाई वार्षिक रोजगारी सिर्जना हुनेछ।

१७८. प्रदेश भित्रका १२ वटै जिल्लामा सडक दुर्घटना न्यूनीकरणको लागि **उत्तर कुमार वली सडक सुरक्षा कार्यक्रम**लाई निरन्तरता दिएको छु । यस अन्तर्गत जनचेतना अभिवृद्धि र सडक सुधार कार्यक्रम सञ्चालन गर्नको लागि रू. १ करोड विनियोजन गरेको छु।

१७९. नेपाल सरकारबाट सशर्त अनुदानतर्फ सञ्चालित २७ वटा सडक पुल र प्रदेश सरकारको अनुदानबाट निर्माणाधीन १०३ वटा सडक पुलमध्ये आगामी आर्थिक वर्षमा कम्तिमा ८३ वटा सडक पुल निर्माण सम्पन्न गर्न र प्रस्तावित प्रदेश यातायात गुरूयोजनाभित्र परेका सडकहरूमा पर्ने ५९ वटा सडक पुलको विस्तृत अध्ययन कार्य सम्पन्न गरी निर्माण गर्न र प्राथमिकता प्राप्त अन्य सडक पुलहरूको विस्तृत अध्ययन एवम् कार्यान्वयन समेतका लागि रू. १ अर्ब ८६ करोड ६९ लाख बजेटको व्यवस्था गरेको छु।

१८०. भौगोलिक रूपमा विकट र सडक सञ्जालको पहुँच नपुगेका बस्तीहरूका समुदायहरू लाभान्वित हुने गरी प्राविधिक सम्भाव्यता र प्राथमिकताको आधारमा झोलुङ्गे पुलहरूको निर्माण एवम् मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यको लागि रू. २१ करोड ४० लाख विनियोजन गरेको छु।

१८१. पूर्वाधार निर्माणको गुणस्तरियता कायम गर्न कपिलवस्तुको शिवपुरमा निर्माण सामग्री परीक्षण प्रयोगशाला निर्माणलाई निरन्तरता दिइनुका साथै सडक पूर्वाधार विकास कार्यालयहरूमा रहेका परीक्षण प्रयोगशालाहरूको सबलीकरण गर्न समेत आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१८२. नेपाल सरकारबाट हस्तान्तरण भई आएका सशर्ततर्फका आयोजनाहरूलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१८३. प्रदेशका प्रमुख नगर जोडने रूटहरू बुटवल-भैरहवा, कोहलपुर-नेपालगञ्जमा विद्युतीय बस सञ्चालनको सम्भावना अध्ययन पुरा भइसकेकोले उक्त रूटमा विद्युतीय बस सञ्चालनमा सहजीकरण गर्ने उद्देश्य अनुरूप दुवै रूटको ४ स्थानमा विद्युतीय बस चार्जिङ्ग स्टेशन निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१८४. पूर्वाधार सम्बन्धी विशेष र उच्च प्रतिफलयुक्त आयोजनाहरूको विकास गरी सार्वजनिक निजी साझेदारीमा सुविधासम्पन्न बहु तले व्यापारिक भवन निर्माण गर्ने उद्देश्य अनुरूप बुटवलमा लुम्बिनी ट्रेड सेन्टर निर्माणको लागि वित्तीय विश्लेषण र प्रारम्भिक डिजाइन तयार भइसकेकोले यस आर्थिक वर्षमा निर्माण कार्य शुरू गर्ने व्यवस्था मिलाएको छु। यसैगरी कपिलवस्तुको कृष्णनगर र बांकेको नेपालगञ्ज लयायतका स्थानहरूमा प्रारम्भिक डिजाइन तयार गरी सार्वजनिक निजी साझेदारीमा त्यस्ता व्यापारिक भवनहरूको निर्माण कार्य अगाडि बढाउने व्यवस्था गरेको छु।

१८५. नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङमा आधुनिक सभागृह निर्माणको लागि डी.पी.आर. समेत तयार भइसकेकोले चालु आर्थिक वर्षमा निर्माण कार्य शुरू गर्न बजेट विनियोजन गरेको छु।

१८६. प्रदेश यातायात गुरूयोजनाको निर्माण कार्यसम्पन्न गरी सो अनुसार सडक आयोजनाहरूको प्राथमिकताका आधारमा निर्माण, मर्मत संभार, स्तरोन्नति तथा सडकको अधिकार क्षेत्र कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

**ग्रामीण तथा शहरी विकास**

१८७. नेपाल सरकारबाट प्रदेशका १२ वटै जिल्लामा सशर्त अनुदानमा हस्तान्तरित **जनता आवास कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। चालु आर्थिक वर्षमा क्रमागत रूपमा रहेका ७७२ वटा आवासका साथै थप ८४० वटा आवासको निर्माण कार्य सम्पन्न गरिनेछ। यस कार्यक्रमबाट सुरक्षित आवास उपयोग गर्न नपाएका दलित, विपन्न मुस्लिम, लोपोन्मुख र अति सीमान्तकृत विपन्न वर्ग लाभान्वित भई आवासको हकको प्रत्याभुति हुनेछ। यस कार्यको लागि रू. ५० करोड विनियोजन गरेको छु।

१८८. शहरी पूर्वाधार, सार्वजनिक पार्क र सडक पेटी तथा फुटपाथ निर्माण कार्यलाई निरन्तरता दिन रू. ३५ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट शहरी पूर्वाधार विकास भई शहरको सौन्दर्यता अभिवृद्धि हुनुका साथै रोजगारीका अवसरहरू सिर्जना हुनेछ।

१८९. शहर उन्मुख तथा अव्यवस्थित बस्तीहरूको दिगो व्यवस्थापन गर्नका लागि प्रदेशका सबै जिल्लाका ४२ वटा स्थानमा सञ्चालित आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु । यस कार्यक्रमको लागि रू. ५१ करोड विनियोजन गरेको छु।

१९०. प्रदेश भित्रका सरकारी भवन, विशिष्ट व्यक्ति आवास तथा कर्मचारी आवास र बहुउद्देश्यीय सभाहल आदिको प्राथमिकताका आधारमा निर्माण तथा मर्मत सम्भारका लागि रू. २६ करोड विनियोजन गरेको छु।

१९१. मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्न स्थानीय निर्माण सामग्रीको प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गरिनेछ। निजी तथा सार्वजनिक भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन र स्थानीय तहको नियमन, समन्वय र सहकार्यमा सम्पादन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

१९२. प्रदेशका प्रमुख ३ शहरी क्षेत्रहरू बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर र घोराही-तुलसीपुरलाई महानगरको रूपमा विकास गर्नको लागि सम्भाव्यता अध्ययन सम्पन्न भइसकेकोले उक्त ३ क्षेत्रलाई महानगरको रूपमा विकास गर्ने कार्य शुरू गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**वन तथा वातारण**

१९३. प्रदेशभित्र ९ लाख हेक्टरभन्दा बढी वन क्षेत्र रहेकोमा दिगो वन व्यवस्थापनका माध्यमबाट ६० हजार हेक्टर वन क्षेत्रलाई उत्पादनमूलक क्षेत्रका रूपमा व्यवस्थापन गरिने छ। यसबाट करिब २२ लाख घनफिट काठ र ७ हजार चट्टा दाउरा उत्पादन भई काठको आपूर्ति सहज हुनुका साथै २४ लाख श्रमदिन रोजगारी सिर्जना हुने छ। दिगो वन व्यवस्थापनका लागि रू. ११ करोड २४ लाख बजेट विनियोजन गरेको छु।

१९४. सामुदायिक वन विकास कार्यक्रमबाट ४ लाख हेक्टर सामुदायिक वनको व्यवस्थापन गरी स्थानीय आपूर्ति र रोजगारीमा टेवा पुग्ने गरी क्रियाकलाप सञ्चालन गरिने छ। विपन्न

परिवारको आयआर्जनका साथै खाली पर्ती जग्गामा वन पुर्नस्थापनामा उल्लेखनीय सफलता हासिल गरेको कबुलियती वन कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छु। यसका लागि रू. २ करोड ५३ लाख बजेट विनियोजन गरेको छु।

१९५. जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ। वन संरक्षणको मुख्य चुनौतीका रूपमा रहेको वन डढेलोलाई दिगोरूपमा व्यवस्थापन गर्न विशेष कार्यक्रम प्रस्ताव गरेको छु। प्रदेशका १२ वटै जिल्लाका डढेलो जोखिम क्षेत्रमा वनभित्र रहेका पातपतिङ्गर र स्याउलाको सदुपयोग गरी ११२ वटा प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालन गरी मलको आपूर्ति र डढेलो न्यूनीकरण गर्ने नवीनतम कार्यक्रम प्रस्ताव गरेको छु । वन संरक्षण र डढेलो नियन्त्रणका लागि रू. ३ करोड ७६ लाख रकम विनियोजन गरेको छु।

१९६. जनतासँग प्रदेश सरकार कार्यक्रममार्फत सबै जिल्लामा मानव र वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ। प्रदेश अन्तर्गतका महत्वपूर्ण ताल तलैया तथा सिमसार क्षेत्रहरूको व्यवस्थापन गर्दै कपिलवस्तुको जगदिशपुर ताल क्षेत्रलाई नेपालकै पहिलो "बर्ड स्याङ्चुरी" घोषणा गरी चरा संरक्षण र स्थानीयको जीविकोपार्जन कार्यक्रमको शुरूवात गरिने छ। प्रदेशका ५ पहाडी जिल्लामा पुर्वजहरूले अत्यन्त मेहनत र सुझबुझपूर्ण रूपमा जगेर्ना गरेका वंशाणु श्रोतका रूपमा रहेका रैथाने आँप बगैंचाहरूको अभिलेख तयार गरिने छ। कपिलवस्तु र दाङ जिल्लामा थारू समुदायको जीविकोपार्जन र परम्परागत ज्ञानसँग जोडिएको महुँवा प्रजातिको अभिलेखीकरण तथा संरक्षणका विशेष कार्यक्रम सञ्चालन गरिने छ। तराईका जिल्लामा समस्याका रूपमा रहेको विषालु सर्पको उद्धार तथा जोखिम न्यूनीकरणका लागि जनशक्ति विकास र प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। उल्लेखित कार्यका लागि रू. ४ करोड २१ लाख बजेट विनियोजन गरेको छु।

१९७. वन पैदावारको आपूर्ति बढाउन र कृषकको आम्दानीमा वृद्धि गर्न **"कृषि वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम"** लाई यसै वर्षदेखि अभियानको रूपमा अगाडि बढाइनेछ। बहुवर्षीय ठुला साइजको बिरूवा रोपण गरी निजी तथा सार्वजनिक क्षेत्रको वृक्षारोपण सफल पार्न यस वर्ष २० लाख विरूवा उत्पादन गरिने र यसै वर्षदेखि हरेक जिल्लाका स्थानीय वन नर्सरीहरूमा बाह्रै महिना बिरूवा उपलव्ध हुने व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९८. पहाडका कतिपय स्थानहरूमा पछिल्लो समयमा बसाइँसराइका कारण कृषि क्षेत्र समेत झाडीबुट्यान बन्दै गएका र तराईमा नदिउकास वनक्षेत्र चौरको रूपमा विकास हुन थालेको सन्दर्भमा यी स्थानलाई उत्पादनमुखी बनाउन यस वर्ष ५०० हेक्टर क्षेत्रमा चक्लाको रूपमा वृक्षारोपण गरिनेछ। **"हरित सडक लुम्बिनीको पहिचान"** कार्यक्रममार्फत स्थानीय तहहरू तथा सडक सम्बन्धी निकायहरू समेतको सहकार्यमा २० किलोमिटर मुख्य सडकहरूमा सुगन्धित सदावहार र फूल फुल्ने प्रजातिको वृक्षारोपण गरिनेछ। तराईमा १० वटा स्थानीय तहमा **"एक घर दुई वृक्षः सहर हाम्रो बनाऊ स्वच्छ"** कार्यक्रम सञ्चालन गरिने छ। प्रदेश राजधानी सौन्दर्यीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९९. तराईको उत्पादनमुखी भूमिको बहुउपयोग बढाउने सन्दर्भमा कृषि वनको विस्तार गर्न यस वर्षदेखि तराइको ५९ वटा स्थानीय तहमा **"एक पालिका एक नमूना कृषि वन"** कार्यक्रम सञ्चालन गरी निशुल्क बिरूवा, ढुवानी, मलखाद र रोपणमा अनुदान एवम् प्राविधिक सहजीकरण गरी यस वर्ष कम्तीमा ३०० हेक्टर निजी जग्गामा नमुना कृषि वनको बिस्तार गरिने छ। यसलाई आगामी वर्षदेखि अरू व्यापकता दिइने छ। यसबाट कृषकको आम्दानी र वन पैदावारमा प्रदेश आत्मनिर्भर हुँदै जाने अपेक्षा लिएको छु। निजी तथा कृषि वनको लागि रू. ३ करोड ८७ लाख विनियोजन गरेको छु।

२००. भू तथा जलाधार व्यवस्थापन कार्यलाई नदी प्रणालीमा आधारित भई सञ्चालन गर्दै लगिने छ। यस वर्ष वाणगंगा नदी प्रणालीको एकीकृत व्यवस्थापन योजना तर्जुमा गरिने र बुद्ध संस्कृतिसँग जोडिएको रूपन्देहीको रोहिणी नदीमा राष्ट्रपति चुरे तराई मधेश विकास संरक्षण समिति समेतको सहकार्यमा नदी ब्यवस्थापन कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०१. प्रदेशको आफ्नै पहिचान बोकेका टिमुर, दालचिनी, चिउरी, ओखर लगायतका जडिबुटीलाई वृहत्तर खेती विस्तार एवम् संरक्षणका लागि दाङ समेतका पहाडी ६ जिल्लाहरूमा यस वर्ष २०० हेक्टर निजी जग्गामा जडीबुटी खेती विस्तारका लागि निशुल्क बिरूवा, ढुवानी र रोप्ने कार्यका लागि अनुदानको व्यवस्था गरेको छु । पहाडी जिल्लाका समुदाय, सहकारी र निजी क्षेत्रबाट सञ्चालन हुने जडीबुटी संकलन केन्द्र र उद्यम विकास लागि अनुदानको व्यवस्था मिलाएको छु। बाँकेको नेपालगञ्जमा जडीबुटी सूचना केन्द्र संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२०२. वन क्षेत्रभित्र बग्ने खोला खहरेको व्यवस्थापन नहुँदा वनको नोक्सानी र विपतका घटनाहरू बढेको सन्दर्भमा डिभिजन वन कार्यालय मार्फत स्थानीय तहहरूसँगको समन्वयमा खोला खहरे व्यवस्थापन गरी नदीजन्य पदार्थको बिक्री वितरण गरिने छ। यसबाट प्रदेशको आम्दानी वृद्धि गर्न समेत सहयोग पुग्ने आशा लिएको छु।

२०३. जैविक विविधताको भण्डारको रूपमा रहेको र पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको गुल्मीको मदाने, रेसुङ्गा र थाप्ले, प्यूठानको गौमुखी, रोल्पाको जलजला र बर्दियाको खाता क्षेत्रको संरक्षित वन व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०४. प्रदेशका १० वटा नगरलाई प्लास्टिकजन्य पदार्थ नियन्त्रण तथा पुनः प्रयोगका लागि विशेष कार्यक्रम ल्याएको छु। प्रदेशस्तरीय वायु प्रदुषण नियन्त्रण स्टेशनको अध्ययन अगाडि बढाइने छ। उद्योगहरूको प्रदुषणको अवस्था र स्वीकृत वातावरणीय अध्ययनको अनुगमनलाई ड्रोन र स्थलगत विधिवाट तीव्रता दिनेगरी कार्यक्रम ल्याइएको छ। विभिन्न आयोजनाहरूको वातावरणीय अध्ययन प्रकृयामा सरलता र सहजीकरण हुने गरी आवश्यक बजेट व्यवस्थापन गरेको छु।

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरण**

२०५. सीमाक्षेत्र नजिक बसोबास गर्ने मधेसी दलित तथा पिछडा वर्गका किशोरीहरूको नेतृत्व विकास तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२०६. बाबुआमा नभएका बेसहारा बालबालिका तथा लोपोन्मुख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा आवासीय शिक्षाको व्यवस्थालाई निरन्तरता दिन असहाय बालबालिकालाई लक्षित गरी बजेट विनियोजन गरेको छु ।

२०७. असहाय वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

२०८. महिलाहरूको आर्थिक सामाजिक सशक्तीकरणको लागि शैक्षिक तथा कानूनी सचेतना, क्षमता तथा नेतृत्व विकास, आय वृद्धि, जीविकोपार्जन सुधार, रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन जस्ता विषयहरूलाई समावेश गरी स्थानीय तहसँगको सहकार्यमा आर्थिक-सामाजिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

२०९. पुनर्स्थापना केन्द्रमा आश्रित तथा पीडितहरूलाई सिप तथा क्षमता अभिवृद्धिका लागि स्वरोजगारमूलक तालिमका अवसर प्रदान गरिनेछ । साथै लैङ्गिक हिंसापीडित महिलाहरूका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा जग्गा प्राप्त गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

२१०. अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र पिछडा वर्गको स्वरोजगारको लागि सीपमूलक तालिमहरू संचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

२११. बाल सहभागिता अभिवृद्धि गर्न बाल क्लवहरूको परिचालन गरिनेछ र बाल हेल्प लाइनको सुरूवात गरिनेछ। सरकारी सेवामा कार्यरत कर्मचारीहरूका लागि शिशु स्याहार केन्द्रको स्थापना र संचालन गरिनेछ। बाल विवाह उन्मुलनका विभिन्न कार्यक्रमहरू संचालन गर्न बजेटको व्यवस्था गरेको छु।

२१२. प्रदेशमा बालसंरक्षण गृह र लैङ्गिक हिंसा प्रभावितहरूका लागि दीर्घकालीन पुनस्थापना केन्द्र निर्माणको सुरूवात गर्न रू. २ करोड विनियोजन गरेको छु ।

२१३. महिला, एकल महिला, दलित तथा अति विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति र पिछडावर्गको आय वृद्धि, जीविकोपार्जन सुधार, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धनजस्ता विषयहरूलाई समावेश गरी सीप विकासका कार्यक्रमको लागि रू. २ करोड ५६ लाख विनियोजन गरेको छु ।

२१४. लैङ्गिक हिंसामुक्त प्रदेश निर्माण कार्यलाई निरन्तरता दिन लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति, जातीय छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार विरूद्ध शैक्षिक, कानूनी सचेतना तथा सामाजिक सशक्तीकरणको लागि स्थानीय तहसँगको सहकार्यमा आर्थिक-सामाजिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२१५. लुम्बिनी प्रदेशलाई बाल विवाह, बालश्रम, सडक बालबालिका मुक्त बनाई बालमैत्री प्रदेश निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै बालबालिकाको संरक्षण, प्रवर्द्धन, जोखिममा परेका, बाबुआमा गुमाएका, बेसहारा बालबालिकाहरूको तत्काल उद्दार, संरक्षण, तथा पुनर्स्थापनाका लागि उद्धार तथा बाल कोषको व्यबस्था, बाल हेल्पलाईन सञ्चालन लगायतका कार्यको लागि रू. २ करोड १४ लाख विनियोजन गरेको छु । लोपोन्मुख परिवारका अति विपन्न तथा असहाय बालबालिकालाई लक्षित गरी स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा आवासीय शिक्षाको व्यवस्थालाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा प्रदेश स्तरीय बाल संरक्षण गृह निर्माणका लागि रू. १ करोड बजेट विनियोजन गरेको छु ।

२१६. ज्येष्ठ नागरिकहरूको सम्मान, संरक्षण, राहत तथा पुनर्स्थापनाका लागि प्रदेशस्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक मिलन केन्द्रहरूलाई सहयोग,ज्येष्ठ नागरिक देशदर्शन तथा सहयोगापेक्षी सडक मानवमुक्त लुम्विनी प्रदेश निर्माण कार्य समेतका लागि रू. ३ करोड ६ लाख विनियोजन गरेको छु।

२१७. अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र उद्यमशिलता प्रवर्द्धन गरी जीविकोपार्जनमा सवलीकरण गर्दै आत्मनिर्भर बनाउन १२ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रमलाई निरन्तरता दिएको छु। अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्रामको निर्माण, परिवारविहीन पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि निशुल्क सहायता सामग्री वितरण लगायतका अपाङ्गता लक्षित कार्यक्रमका लागि रू. २ करोड २८ लाख बजेट विनियोजन गरेको छु ।

२१८. लैङ्गिक हिंसा तथा घरेलु हिंसा प्रभावित तथा पीडित महिलाहरूको संरक्षणका लागि १२ वटै जिल्लामा साझेदारीमा सञ्चालित सेवा केन्द्र (Safe House), बाँके र रूपन्देही जिल्लामा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित तथा पीडित महिलाहरूको उद्दार र संरक्षणका लागि सञ्चालित पुनर्स्थापना केन्द्रको कार्यक्रमलाई निरन्तरता दिएको छु। लैङ्गिक हिंसा प्रभावित तथा पीडित महिलाहरूको संरक्षणका लागि दाङ जिल्लाको घोराहीमा प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा जग्गा प्राप्ति गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद**

२१९. **"मानव पुँजी निर्माणको आधार, शिक्षा क्षेत्रमा व्यापक सुधार"** भन्ने कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारमा सुधार तथा स्तरोन्नति गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । विद्यालय तहमा गणित तथा विज्ञान विषयको नतिजामा सुधार ल्याउन र प्राविधिक ज्ञान, सीप सहितको मानवपुँजी निर्माण गर्न विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित (STEM) विषयलाई प्रवर्द्धन गर्न रू. ४४ करोड ५८ लाख बजेट प्रस्ताव गरेको छु।

२२०. **"विद्यालयहरूमा स्वच्छ खानेपानी, विद्यार्थी स्वास्थ्यमा प्रदेशको लगानी"** भन्ने कार्यक्रम मार्फत विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्थाका लागि बजेट रू. २ करोड विनियोजन गरेको छु। यस अन्तर्गत सामुदायिक विद्यालयमा युरोगार्ड लगायतका पानी छान्ने उपकरण एवम् अन्य आवश्यक पूर्वाधार निर्माण कार्य गरिनेछ। आगामी तीन वर्षभित्र प्रदेशको सामुदायिक विद्यालयमा पढ्ने कुनै पनि बालबालिकाले असुरक्षित पानी पिउनुपर्ने छैन।

२२१. कोभिड-१९ को महामारीमा परम्परागत शिक्षण विधिले धान्न सक्ने देखिएन। निजी विद्यालय र शहरकेन्द्रित केही सामुदायिक विद्यालयहरूले ई-लर्निङ्गलाई अभ्यासमा ल्याए तापनि दुरदराजमा गरीब परिवारका विद्यार्थी यसबाट वन्चित भएका छन्। तसर्थ प्रदेशका सबै सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकामा ई-लर्निङ्गको पहुँच वृद्धि हुने गरी कार्यक्रमहरू संचालन गर्न रू. १ करोड २० लाख बजेटको व्यवस्था गरेको छु।

२२२. कक्षा ११ र १२ मा विज्ञान विषय र प्राविधिक शिक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयमा स्टेम ल्यावको स्थापना गरिनेछ। उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक विद्यालयलाई प्रदेशको विज्ञान विषय अध्ययन गर्ने हबको रूपमा विकास गर्न सुविधासम्पन्न भवन निर्माणलाई यस वर्ष रू. ८ करोड ३० लाख बजेट विनियोजन गरेको छु।

२२३. **समृद्धिको अभियान: छोरीहरूको पहुँचमा विज्ञान** कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेशका सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा सामुदायिक र आंगिक क्याम्पसमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम र मुक्त कमैया,

कमलहरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यहरूलाई निरन्तरता दिन रू. ६ करोड विनियोजन गरेको छु। धार्मिक विद्यालयहरू तथा मुस्लिम छात्रा लक्षित छात्रावास कार्यक्रम संचालनका लागि रू. २ करोड विनियोजन गरेको छु ।

२२४. उच्च शिक्षा प्रदेशको प्रमुख जिम्मेवारी हो। सोही बमोजिम प्रदेशसभाबाट प्रदेश विश्वविद्यालय ऐन जारी भइसकेको सन्दर्भमा प्रदेश विश्वविद्यालयको स्थापना र संचालन गर्न रू. १० करोड विनियोजन गरेको छु। सामुदायिक क्याम्पसहरूको पुर्वाधार निर्माण र प्रदेशमा नयाँ विषयमा अध्यापन सुरू गरेका विश्वविद्यालय र क्याम्पसलाई दिदै आएको सहायतालाई निरन्तरता दिन रू. ९ करोड २० लाख बजेट विनियोजन गरिएको छ। उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन क्याम्पसहरूको सहकार्यमा अनुसन्धान कार्यको लागि रकम विनियोजन गरेको छु। उच्च शिक्षामा दिँदै आएको छात्रवृत्तिको राशी बढाएर रू. १ करोड पुऱ्याएको छु।

२२५. विशेष आवश्यकता भएका बालबालिकालाई लक्षित गरी विशेष शिक्षा सहयोग कार्यक्रम र अटिजम विद्यालयहरू निर्माणका लागि समेत रू. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु । सीमा क्षेत्रका विद्यालयहरूमा सभाहल निर्माणका लागि रू. ३ करोड विनियोजन गरेको छु। यी सभाहलहरू विद्यालयको विविध कार्यमा उपयोगी हुनुको साथै कोभिडजस्ता महामारीमा भारत लगायतका छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने नागरिकका लागि उपयोगी हुने विश्वास गरेको छु।

२२६. विज्ञान-प्रविधि, अनुसन्धान तथा विकास, सिप विकास, सिप तथा सिपमूलक तालिमको नियमन, बहुप्राविधिक शिक्षालयको व्यवस्थापनका लागि प्रदेश सरकारको स्वामित्वमा प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना गर्न बजेट विनियोजन गरेको छु।

२२७. प्राविधिक शिक्षा संचालन गरिरहेका विद्यालयहरूलाई सहयोग गर्न रू. २ करोड बजेट छुट्याएको छु। युवा जनशक्तिलाई रोजगारमूलक प्राविधिक शिक्षाका लागि रूकुम पूर्वको भुमे र दाङको तुल्सीपुरमा बहुप्राविधिक शिक्षालयको भौतिक संरचना निर्माणका लागि बजेट छुट्याएको छु।

२२८. विद्यार्थीहरूद्धारा हुने वैज्ञानिक अनुसन्धान तथा आविष्कार र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुन सहयोग गर्ने कार्यक्रमहरू संचालन गरिनेछ। विज्ञान प्रविधिको

विकासका लागि इनोभेशन सेन्टर संचालनको लागि बजेटको विनियोजन गरिएको छ। प्रदेशमा वैज्ञानिक सम्मेलनका लागि समेत रकम विनियोजन गरेको छु। प्रत्येक जिल्लामा प्लानेटोरियम स्थापनाका लागि बजेट व्यवस्था गरेको छु।

२२९. दाङको घोराहीमा निर्माण हुने नेत्रलाल अभागी रंगशालाको वातावरणीय प्रभाव मुल्याङ्कन पश्चात् निर्माण शुरू गर्ने गरी रू.१५ करोड बजेट विनियोजन गरेको छु।

२३०. प्रदेश खेलकुद परिषद्को माध्यमबाट खेलकुदलाई निरोधात्मक स्वास्थ्य र उद्यमको रूपमा विकास गर्न मुख्यमन्त्री रनिङशिल्ड लगायतका खेलकुद कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु। निर्माणाधीन रंगशालालाई साफस्तरको रंगशालाका रूपमा निर्माण गर्न, स्थानीय तहस्तरीय तथा विद्यालय स्तरीय खेलकुद पुर्वाधारको निर्माण गर्न रू. ९ करोड २५ लाख विनियोजन गरेको छु ।

२३१. प्रदेशमा युवा परिषद्को स्थापना र संचालन, युवा प्रतिभा पहिचान र प्रोत्साहन तथा जिल्ला युवा समितिमार्फत युवा परिचालन सम्बन्धी कार्यक्रमका लागि समेत बजेट छुट्याएको छु। कोभिड-१९ लगायतका महामारी र सामाजिक संकटको बेलामा समाजलाई योगदान दिनसक्ने युवा जनशक्ति तयार गर्न विद्यालयमा स्काउट तालिम सञ्चालनको लागि बजेट विनियोजन गरेको छु।

**संस्कृति तथा पर्यटन**

२३२. कोरोनाबाट शिथिल पर्यटन क्षेत्रलाई आन्तरिक पर्यटन प्रवर्द्धनमार्फत पुनर्जागृत गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमको अतिरिक्त प्रदेशमा कार्यरत सबै कर्मचारीहरूलाई बिदा पर्यटन लगायतका कार्यक्रममार्फत आन्तरिक पर्यटनका लागि प्रोत्साहित गरिनेछ। यसका लागि कर्मचारीहरूलाई शुरू तलब स्केल अनुसार एक महिनाको तलब बराबरको रकम उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

२३३. पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापनको लागि यस आर्थिक वर्षमा प्रदेशको पर्यटन नीति तथा पर्यटन विकासको रणनीतिक गुरूयोजना निर्माण गरिनेछ। पर्यटन उद्योगको वर्तमान र भविष्यलाई लक्षित गरी आवश्यक सीपको पहिचान र आगामी ५ वर्षको लागि आवश्यक पर्यटन जनशक्ति विकासको योजना निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२३४. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आर्थिक क्रियाकलापको माध्यमको रूपमा विकास गर्दै साहसिक पर्यटन, पर्यापर्यटन, माइस पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, वन पर्यटन, खेलकुद पर्यटन, शैक्षिक पर्यटन, ग्रामीण पर्यटन लगायतका पर्यटन व्यवसायको विविधीकरण र विकास गरी प्रदेशमा रोजगारीको अवसर वृद्धि गर्ने कार्यक्रम सञ्चालनका लागि रू. १५ करोड विनियोजन गरेको छु।

२३५. यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरू तिनको खर्च गर्ने शैली, स्तर, सन्तुष्टि जस्ता विषयमा अध्ययन अनुसन्धान गरी नयाँ पर्यटकीय उपजहरू समेटी पर्यटन विकासको प्याकेज तयार गर्ने व्यवस्था मिलाएको छु।

२३६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसारको माध्यमबाट प्रदेशमा पर्यटक आकर्षण गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटकीय सूचनालाई विद्युतीय सूचनामा आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक श्रोत व्यवस्था गरेको छु।

२३७. प्रदेशभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरूको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ। विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजनालाई क्रमशः प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक बजेट विनियोजन गरेको छु।

२३८. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टेहरूको प्रवर्द्धन र विकास गरिनेछ। होमस्टे सञ्चालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गर्न र साँचो अर्थमा होमस्टे सञ्चालन गर्न संचालकहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२३९. पर्यटन क्षेत्रमा विशेष योगदान गर्ने, धेरै पर्यटक भित्र्याउने, पर्यटन प्रवर्द्धनमा क्रियाशील व्यक्ति, संघ/संस्थाहरूलाई प्रोत्साहन गर्न प्रदेश पर्यटन पुरस्कारको स्थापना गर्न बजेट छुट्याएको छु।

२४०. आधारभूत स्तरबाटै प्रकृति, संस्कृति र पर्यटनका सम्बन्धमा विद्यार्थीहरूलाई समय सापेक्ष ज्ञान दिन विद्यालयस्तरमै पर्यटन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२४१. प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरू गुफा, तालतलैया, झरना, गढी, दरबार जस्ता महत्वपूर्ण स्थानहरूको पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिंदै आवश्यक बजेट विनियोजन गरेको छु।

२४२. ढोरपाटन शिकार आरक्षमा प्रवेशका लागि रूकुम पूर्वको उपयुक्त बिन्दुमा प्रवेशद्वार निर्माण गरी त्यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। बाह्रकुने दह, रूरू क्षेत्र तथा स्वर्गद्वारीमा पर्यटकीय पूर्वाधार विकास गर्न तयार भएका गुरूयोजनाहरूको कार्यान्वयनलाई निरन्तरता दिन रू. १९ करोड बजेट विनियोजन गरेको छु।

२४३. प्रदेशका प्रमुख ५० पर्यटकीय गन्तव्य पहिचान गरी पर्यटन प्रवर्द्धन गरिनेछ। प्रदेशका सबै जिल्लामा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न **एक जिल्ला एक पर्यटन गन्तव्य** कार्यक्रम सञ्चालन गर्न रू. ६० करोड ८० लाख बजेटको व्यवस्था गरेको छु।

२४४. प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक महत्वका स्थलहरूको संरक्षणको लागि बजेटको व्यवस्था गरेको छु । प्रदेशमा सङ्ग्रहालयहरूको स्थापना र स्तरोन्नतिका लागि रकम विनियोजन गरेको छु।

**सहकारी तथा गरिबी निवारण**

२४५. आर्थिक तथा सामाजिक रूपमा विपन्न व्यक्ति र घरपरिवारहरूको जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यका साथ १०९ वटै स्थानीय तहहरूमा सञ्चालित **मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम**लाई स्थानीय तहहरूको सुझाव र सहकार्यका आधारमा थप प्रभावकारी रूपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

२४६. गरिबी निवारण कार्यक्रमलाई सीमान्तकृत, द्वन्द प्रभावित, पिछडा वर्गसम्म पुर्‍याई श्रम, सीप र प्रविधिमार्फत रोजगारी सिर्जना गर्नका साथै पोषण तथा खाद्य सुरक्षाको सुनिश्चित गर्ने कार्यक्रम संचालन गर्न रू. २ करोड विनियोजन गरेको छु।

२४७. सहकारी मर्जर नीति अवलम्बन गर्दै सहकारी क्षेत्रको क्षमता, सीप, जनशक्ति र पुँजीलाई उत्पादनमुलक काममा लगाउन प्रोत्साहन गर्दै वित्तीय सुशासनका लागि सघन अनुगमन तथा नियमन कार्य गर्न बजेट विनियोजन गरेको छु।

२४८. सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने उद्देश्यले स्थापना भएको सहकारी विकास कोषलाई रू. ५ करोड पुर्‍याउने गरी बजेट विनियोजन गरेको छु।

२४९. यस प्रदेशमा सहकारीको संख्या अत्यधिक रहेको छ। जनताको निक्षेप संकलन गर्ने साथै सदस्यहरूको हित प्रवर्द्धन गर्ने कार्यमा संलग्न सहकारीको नियमन तथा व्यवस्थापन गर्ने विशिष्ट संस्थाको रूपमा सहकारी दर्ता अधिकारीको कार्यालय स्थापना तथा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**यातायात व्यवस्था**

२५०. यातायात सम्बन्धी सेवा लिन जाँदा बुझाउनुपर्ने कर, शुल्क तथा दस्तुरहरू विद्युतीय माध्यमबाट भुक्तानी हुने गरी क्रमशः नगदरहित बनाउने व्यवस्था मिलाएको छु।

२५१. सफ्टवेयरमा आधारित सवारी सम्बन्धी अभिलेख प्रणालीको विकास गरी कार्यालयको अभिलेख प्रणालीलाई आधुनिकीकरण गर्दै क्रमशः पेपरलेस बनाउँदै लैजाने गरी आगामी आर्थिक वर्षमा आवश्यक सफ्टवेयर निर्माण तथा कार्यान्वयनको लागि बजेट व्यवस्था गरेको छु।

२५२. सवारी चालक अनुमतिपत्र वितरण कार्यलाई छिटो, छरितो, पारदर्शी एवम् व्यवस्थित गरिनेछ। यसका लागि बुटवलमा सुविधासम्पन्न सवारी चालक अनुमति परीक्षण केन्द्र एवम् प्रशासकीय भवन निर्माणको कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु।

२५३. सार्वजनिक यातायातको भाडा विद्युतीय माध्यमबाट भुक्तानी हुने गरी क्रमशः नगदरहित बनाउन निजीक्षेत्रसँग सहकार्य गर्ने प्रबन्ध गरेको छु।

२५४. प्रदेशभित्र विद्युतीय सवारी साधनको प्रयोग बढाउनको लागि निजी क्षेत्रसँगको सहकार्यमा आवश्यक अध्ययन गरिनेछ । प्रदेशका प्रमुख नगर जोड्ने रूटहरूमा सार्वजनिक-निजी साझेदारी मोडलमा विद्युतीय बस सेवा सञ्चालनको प्रकृया अघि बढाउने व्यवस्था मिलाएको छु।

२५५. भाडाका बस, मिनिबस तथा माईक्रोजस्ता सवारी साधनले विद्यार्थी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जनआन्दोलनका घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनको धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । साथै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्नेगरी बनाइएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर नलाग्ने व्यवस्था मिलाएको छु ।

२५६. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सरकारद्वारा घोषित लकडाउनको अवधिमा सार्वजनिक यातायात व्यवसाय सञ्चालनमा आउन नसक्दा व्यवसायीहरूले व्यहोर्नु परेको नोक्सानीलाई ध्यानमा राखी त्यस्ता सवारी धनीले बुझाउनुपर्ने वार्षिक करमा ३३ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

२५७. चालु आर्थिक वर्ष २०७७/७८ मा बुझाउनुपर्ने सवारी साधन कर सवारी धनीले आषाढ मसान्तसम्म नबुझाएमा ४०% जरिवाना तिर्नुपर्ने व्यवस्था रहेकोमा बन्दाबन्दीको अवस्थालाई मध्यनजर गरी सो कर आगामी आर्थिक वर्ष २०७८/०७९ को तीन महिना भित्र बुझाउँदा उल्लेखित जरिवाना छुट गर्ने व्यवस्था मिलाएको छु ।

**भूमि व्यवस्थापन**

२५८. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको अभिलेख व्यवस्थापन गर्न, चक्लाबन्दी खेती लगायतका नाप नक्शा कार्यक्रम गर्न, भूमि बैंकमार्फत जग्गा उपयोग गर्न प्रोत्साहन सहायता कार्यक्रम तथा प्रादेशिक भूउपयोग योजनाको मस्यौदा तर्जुमा सम्बन्धी कार्यक्रमहरू संचालन गर्नका साथै स्थानीय तह र समुदायको समन्वयमा सरकारी, सार्वजनिक र गुठी जग्गाको अभिलेख तयार गर्नका लागि रू. २ करोड विनियोजन गरेको छु।

२५९. भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाई जग्गा प्रशासनलाई पारदर्शी र गुणस्तरीय बनाउन प्रादेशिक भू-सूचना प्रणाली स्थापना गर्नका साथै भूमि श्रोतको पहिचान, दिगो उपयोग, संरक्षण र व्यवस्थापनको लागि भूमि श्रोत नक्शाङ्कन गर्न आवश्यक क्षमता र पुर्वाधारको विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सूचना तथा सञ्चार**

२६०. डिजिटल प्रदेश बनाउने अभियानलाई अगाडि बढाउन सूचना प्रविधि नीति तथा डिजिटल प्रदेश गुरूयोजना तयार गर्नुका साथै प्रदेश सरकारका काम कारवाही तथा सेवालाई विद्युतीय माध्यमको प्रयोगवाट छिटो छरितो र पारदर्शी बनाउन प्रदेश सरकारवाट प्रयोग हुने सूचना प्रणाली सम्बन्धी सफ्टवेयरहरूको मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२६१. प्रदेशस्तरमा संचार माध्यमहरूको दर्ता, नवीकरण, अभिलेखीकरण, नियमन र व्यवस्थापन गर्न सञ्चार रजिष्ट्रारको कार्यालय स्थापना र संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

२६२. सूचना प्रविधिमैत्री प्रदेश निर्माणको कार्य अगाडि बढाउन आवश्यक दक्ष जनशक्तिको उत्पादन, रोजगारी सृजना, उद्योग तथा दक्ष कामदारहरूको डाटावेस तयार गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२६३. प्रदेशमा स्थापना भई सञ्चालनमा आएको प्रदेश मामिला सूचना केन्द्रलाई प्रदेश र जनता बीचको सम्बन्ध स्थापना गर्ने माध्यमको रूपमा विकास गरी सूचनालाई शान्ति सुरक्षा, अपराध नियन्त्रण, विकास र सुशासन प्रणालीसँग आवद्ध गरिनेछ। यसका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।

२६४. सञ्चार माध्यमहरूसँग सहकार्य गरी प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरू जनता समक्ष पुऱ्याउन र जनताको राय सुझाव सुन्नको लागि टेलिभिजन तथा रेडियो कार्यक्रम सञ्चालनार्थ आवश्यक रकम विनियोजन गरिएको छ। प्रदेशभित्र कार्यरत उत्कृष्ट संचार माध्यम र संचारकर्मीलाई सम्मान गर्ने व्यवस्थाका लागि आवश्यक रकम व्यवस्था गरेको छु।

२६५. प्रदेशस्तरीय सडकहरूलाई भौगोलिक सूचना प्रणाली (GIS)मा आवद्ध गरी यात्रालाई अनुमानयोग्य र सुरक्षित बनाइनेछ। सार्वजनिक यातायातको भाडा विद्युतीय माध्यमबाट भुक्तानी हुने गरी क्रमशः नगदरहित बनाउँदै लगिनेछ। साथै सवारी चालक अनुमतिपत्र वितरण कार्यलाई छिटो, छरितो, पारदर्शी एवम् व्यवस्थित गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२६६. प्रदेशका सरकारी निकायबाट प्रयोगमा ल्याउने सबै प्रकारका व्यवस्थापन सूचना प्रणाली तथा Software को निर्धारण, विकास, गुणस्तर परीक्षण तथा सुरक्षा परीक्षण सूचना प्रणालीको विशेषज्ञ निकायको रूपमा रहेको सूचना प्रविधि प्रतिष्ठानबाट हुने व्यवस्था मिलाएको छु।

२६७. सञ्चारकर्मीहरूको हित र कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु। यस कोषको स्थापनाबाट श्रमजीवी पत्रकार लगायत सम्पूर्ण सञ्चारकर्मीहरूको हित र कल्याण अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुग्ने विश्वास गरेको छु।

**शान्ति, सुरक्षा तथा सुशासन**

२६८. कानूनको कार्यान्वयनमार्फत प्रदेश सरकारको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ । प्रदेश सरकारले प्रवाह गर्ने सेवा प्रति सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु।

२६९. प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, शासकीय क्षमताको अभिवृद्धि लगायतका कार्यहरू प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत गर्ने व्यवस्था मिलाएको छु ।

२७०. संघबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भएर आउने कर्मचारी तथा नयाँ नियुक्त भएका कर्मचारीहरूका लागि प्रभावकारी रूपमा आफ्नो जिम्मेवारी पूरा गर्नका लागि नयाँ ज्ञान सिर्जना गर्ने, व्यवस्थापन गर्ने गरी मानव श्रोत विकासका लागि तालिम प्रदान गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई एक उत्कृष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

२७१. प्रदेश प्रहरी विधेयक तर्जुमा गरी प्रदेश प्रहरीको सञ्चालन र व्यवस्थापन गरिनेछ। प्रदेश प्रहरी संगठनको संस्थागत सुदृढीकरण एवम् प्रहरी इकाई भवन निर्माणका लागि रू. ४० करोड बजेट विनियोजन गरेको छु।

२७२. राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षा नीतिसँग सामञ्जस्य हुने गरी प्रदेशको सुरक्षा नीति तर्जुमा गर्न आवश्यक बजेट विनियोजन गरेको छु। सुरक्षा संवेदनशील क्षेत्र र मुख्य राजमार्गहरूका विभिन्न स्थानमा सि.सि.टि.भि.जडानको कार्यलाई निरन्तरता दिनका लागि रू. ४ करोड बजेट विनियोजन गरेको छु। जोखिमपूर्ण यात्रालाई निरूत्साहित गर्न सचेतनामुलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२७३. लागू औषध प्रयोगकर्ताको संख्या बढिरहेको स्थान र ओसारपसार गर्ने प्रवेश बिन्दुहरूमा निगरानीको व्यवस्था मिलाइनेछ। लागूऔषध दुर्व्यसन न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्न र प्रदेश अनुसन्धान व्युरो गठन गरी सञ्चालनमा ल्याउन आवश्यक बजेट छुट्याएको छु ।

२७४. सशस्त्र द्वन्द्वका क्रममा घाईते भएका व्यक्तिहरूको उपचारको व्यवस्थालाई निरन्तरता दिएको छु। द्वन्द्व प्रभावित व्यक्तिलाई व्यवसायिक सिप प्रदान गरी स्वरोजगार बनाउने कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। प्रदेश भित्रका कारागारहरूको आवश्यकता अनुसार निर्माण, पुनःनिर्माण र सुदृढीकरण गरिनुका साथै कैदी/बन्दीहरूको व्यवसायिक सिप विकासको लागि रू. ३ करोड ३० लाख बजेट विनियोजन गरेको छु।

२७५. विषयगत कानून निर्माण गर्दा सरोकारवालाहरूसँग छलफल तथा परामर्श गर्नुका साथै समाजमा रहेका विसंगति एवम् विकृति रोकथाम र न्यूनीकरणका लागि स्थानीय न्यायिक समिति र सरोकारवालाहरूसँग सचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन**

२७६. अर्घाखाँची, रोल्पा, दाङ, पाल्पा, प्यूठान र गुल्मी जिल्लाका पहिरो प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न रू. १६ करोड ६० लाख बजेट विनियोजन गरेको छु।

२७७. विपद् जोखिमयुक्त क्षेत्रको पहिचान र नक्साङ्कन गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। विपद्को समयमा उद्धार तथा राहतको लागि आवश्यक पर्ने जनशक्ति निर्माण गर्नका लागि विपद् पूर्वतयारी एवम् प्रतिकार्य तालिम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२७८. स्थानीय तहसँगको सहकार्यमा स्थानीय तहमा विपद् प्रतिकार्य सम्बन्धी कार्यमा योगदान दिन सक्ने जनशक्तिको विकास गरिनेछ। विपद्को उच्च जोखिममा रहेका स्थानीय तहहरूमा उद्धारको कार्यलाई छिटो, छरितो तथा प्रभावकारी बनाउन हेलिप्याड निर्माण गर्ने कार्यलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु।

**विज्ञान र प्रविधि**

२७९. नेपाल सरकारको समन्वय र सहकार्यमा प्रदेश भित्रका सबै स्थानीय तहहरूमा नवप्रवर्तन र विकासका लागि प्रतिस्पर्धा बढाउन सघाउ पुग्ने गरी एक नवीनतम साझेदारी कोष परिचालनका लागि रू. १८ करोड ७७ लाख विनियोजन गरेको छु।

२८०. प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउने प्रदेश सरकारको प्रशासन र व्यवस्थापनलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने र स्थानीय सरकारको पद्धति निर्माण एवम् क्षमता विकासमा सहयोग गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**प्रदेश सेवामा जनशक्ति व्यवस्थापन**

२८१. प्रदेश निजामती सेवा र स्थानीय तहको सेवाका तोकिएका पदहरूमा विज्ञापन प्रकाशित गर्ने उद्देश्यले कार्यतालिका निर्माण गरी सो बमोजिम जनशक्ति भर्ना प्रक्रिया शुरू गर्ने व्यवस्था मिलाएको छु।

२८२. प्रदेश निजामती सेवा र स्थानीय तहको सेवा अन्तर्गतका विभिन्न सेवा समूहका ४१ वटा पदहरूको पदपूर्तिका लागि चाहिने पाठ्यक्रम तर्जुमा भइसकेको छ। बाँकी अन्य सेवा समूहका लागि चाहिने पाठ्यक्रम तर्जुमा आगामी आर्थिक वर्षमा गरिसक्ने व्यवस्था मिलाएको छु।

२८३. प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापन सम्बन्धमा अध्ययन, अनुसन्धान, अनुगमन तथा निरीक्षण गरी आवश्यक व्यवस्थाहरू अघि बढाउने प्रबन्ध गरेको छु।

२८४. प्रदेश निजामती सेवा र स्थानीय सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवाप्रति आकर्षण बढाउन अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यका लागि बजेट विनियोजन गरेको छु।

२८५. प्रदेश लोक सेवा आयोगले संचालन गर्ने परीक्षाको विज्ञापनमा आवेदकले Online बाटै दरखास्त दिनसक्ने गरी आयोगको क्षमता अभिवृद्धि गर्न बजेट व्यवस्था गरेको छु।

२८६. उच्च मनोबल, स्वस्फूर्त कार्यव्यवहार र सकारात्मक धारणा सहितको मानवपुँजी, उत्पादन र उत्पादकत्व वृद्धिका आवश्यक श्रोत हुन् । **समृद्ध प्रदेश खुसी जनता** प्रदेशको लक्ष्य हासिल गर्न राष्ट्रसेवकहरूलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्न उत्प्रेरणामूलक कार्यक्रमहरू संचालन गर्ने व्यवस्था मिलाएको छु।

२८७. संघसँगको सहकार्यमा प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा प्रदेश आवास निर्माण गर्ने कार्य अघि बढाइनेछ। निजामती विद्यालय र निजामती कर्मचारी अस्पताल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२८८. राष्ट्रसेवक कर्मचारीको मनोबल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाइनेछ। प्रदेशमा कार्यरत निजामती कर्मचारीको रू. १० लाखको सामूहिक दुर्घटना बिमा र रू. १ लाखको स्वास्थ्य बिमाका लागि प्रिमियम वापतको रकम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था मिलाएको छु।

२८९. नेपाल सरकारबाट निर्धारण भएको २०७८ साउन १ गते देखि लागू हुने गरी प्रदेश निजामती सेवाका कर्मचारीको तलबमानमा मासिक रू. २ हजार वृद्धि गरेको छु। हाल प्रदान गरिएको महँगी भत्तालाई निरन्तरता दिएको छु।

**राजधानी व्यवस्थापन**

२९०. यस प्रदेशको नाम र राजधानी प्रदेश सभाको छैठौं अधिवेशनबाट टुङ्गो लागिसकेको व्यहोरा माननीय सदस्यहरूलाई जानकारी नै छ। प्रदेशको नाम लुम्बिनी र स्थायी राजधानी देउखुरी उपत्यका (राप्ती उपत्यका) भनी निर्धारण भएको सन्दर्भमा राष्ट्रको गौरव र प्रदेशको पहिचान झल्कने गरी प्रदेश राजधानीको गुरू योजना तयार गर्ने कार्य सुरू भइसकेको छ। प्रदेश राजधानी स्थल देउखुरी उपत्यका तुलनात्मक रूपमा खुल्ला जमिन (Open Land) भएको ठाउँ भएकोले नदी सभ्यतामा आधारित आधुनिक व्यवस्थित शहरको रूपमा विकास गर्न चालु आर्थिक वर्षमा शुरू भएको शहरी योजना निर्माण (Town Planning), जग्गा प्राप्ति (Land Pooling) जस्ता कार्य आगामी आर्थिक वर्षको शुरूमै सम्पन्न गरी आवश्यक संरचना (भवन/सडक तथा अन्य पूर्वाधार) निर्माण कार्य तीव्र गतिमा अघि बढाउने व्यवस्था मिलाएको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**आर्थिक वृद्धि, आय आर्जन तथा प्रदेश अर्थतन्त्र**

२९१. प्रदेशको समृद्धिका लागि दीर्घकालीन विकासको मार्गचित्र निर्धारण गर्न आवश्यक लुम्बिनी प्रदेशको दीर्घकालीन योजना (आर्थिक वर्ष २०८०/०८१ देखि २०९९/२१००) निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९२. आर्थिक, सामाजिक, मानव विकास, कृषि, पर्यटन, प्राकृतिक र मानवीय श्रोत व्यवस्थापन विषयमा सम्भाव्यता अध्ययन/अनुसन्धान, शोधवृत्ति, व्यापार योजना निर्माण जस्ता विषयमा अनुसन्धानमुलक कार्य गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९३. प्रदेशको आर्थिक विकासको आधारको रूपमा रहेका कृषि, उर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र शहरी विकासको क्षेत्रमा सार्वजनिक एवम् निजी लगानी विस्तार गर्नुको साथै ती क्षेत्रको संरक्षण, प्रवर्द्धन र प्रोत्साहनका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९४. प्रदेशमा वैदेशिक सहायताको प्राप्ति र परिचालनको सम्भावना पहिचान गरी संघीय सरकारसँगको समन्वयमा प्रदेश तहमा वैदेशिक सहायतामा सञ्चालन हुनसक्ने परियोजनाहरूको पूर्व सम्भाव्यताको अध्ययन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९५. प्रदेश सरकार र स्थानीय तह बीचको साझा अधिकारको रूपमा रहेका करहरूको संकलन तथा व्यवस्थापनलाई थप सुव्यवस्थित बनाउन एकल कर प्रशासनलाई सबल, सुदृढ र पारदर्शी बनाउन आवश्यक व्यवस्था मिलाएको छु।

२९६. गरिबी न्यूनीकरणमा सघाउ पुग्ने गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न योजना र बजेटलाई दिशा निर्देश गरिएको छ। समृद्धिका लागि उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य प्राप्त गर्नेगरी योजना तर्जुमा र बजेट परिचालन गर्ने व्यवस्था मिलाएको छु।

२९७. प्रदेशको हालको श्रोत साधनको अवस्था, क्षमता र जनचाहनाको बीचमा सन्तुलन ल्याउन प्रदेशको आवधिक योजना (२०७६/०७७ - २०८०/०८१) मा उल्लेखित अति प्राथमिकता प्राप्त परियोजनाहरूमा प्रदेश सरकारको लगानी वृद्धि गरेको छु।

२९८. प्रदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासमा जोड दिंदै त्यस्ता उद्योगको स्थापना र विकासमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। परम्परागत सीप र उद्यमलाई प्रवर्द्धन एवम् क्रमशः आधुनिकीकरण गर्दै दक्षता अभिवृद्धि गर्नुको साथै त्यस्ता उद्योगको उत्पादनलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु।

२९९. प्रदेशभित्र अन्तर्राष्ट्रिय साथै अन्तर प्रदेश तुलनात्मक लाभको क्षेत्रहरू पहिल्याउँदै त्यस्ता क्षेत्रहरूमा लगानी बढाउँदै लैजाने सन्दर्भमा आवश्यक अध्ययनका लागि बजेट व्यवस्था गरेको छु।

३००. प्रदेशमा स्वदेशी निजी एवम् वैदेशिक लगानी बढाउने र प्रदेशभित्र लगानीका सम्भावित क्षेत्रहरू पहिचान गरी लगानीकर्ताहरूलाई लगानीका सम्भावनाहरूसँग जोड्ने उद्देश्यले प्रदेश सरकारले लगानी सम्मेलन, २०७८ गर्ने तयारीमा जुटिरहेको छ। निजी लगानीका लागि उपयुक्त वातावरण सृजना गर्न आवश्यक नीति तथा सुविधा सहितको प्याकेज घोषणा गर्नुको साथै चालु आर्थिक वर्षमा तयारी शुरू भएको लगानी सम्मेलनलाई आगामी आर्थिक वर्षको शरद ऋतुमा भव्यताका साथ सम्पन्न गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रू. १ करोड विनियोजन गरेको छु।

३०१. नेपाल सरकारसँगको समन्वयमा प्रदेशस्तरमा पुँजी बजार प्रवर्द्धनका लागि धितोपत्र बोर्डको प्रादेशिक संरचना स्थापनाका लागि आवश्यक व्यवस्था मिलाएको छु।

३०२. प्रदेशभित्र लगानीको लागि आवश्यक पर्ने श्रोत प्रदेश भित्रैबाट जुटाउने सन्दर्भमा प्रदेशमा पुँजी परिचालन गर्ने ठूला पूर्वाधारका लागि लगानी गर्नसक्ने गरी प्रदेशस्तरीय वितीय संस्थाको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरी कानूनी एवम् संरचनागत व्यवस्था गर्ने कार्य अगाडि बढाइनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३०३. विप्रेषणबाट प्राप्त अधिकांश हिस्सा उपभोगमा खर्च भइरहेको वर्तमान सन्दर्भमा विप्रेषणको आयको उल्लेखनीय अंश लगानीमा रूपान्तरण गर्न आगामी आर्थिक वर्षमा विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

३०४. प्रदेशबासी बीचमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी प्रदेशका लागि आवश्यक लगानी जुटाउने सन्दर्भमा प्रदेशस्तरीय बैंक तथा वित्तीय संस्थाहरूको स्थापना र विकास गर्ने नीति अख्तियार गरिनेछ। सो सम्बन्धी कानून तर्जुमाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**पारदर्शिता, मितव्ययिता तथा आर्थिक अनुशासन**

३०५. प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन कायम गर्दै मितव्ययिता, कार्यकुशलता र

कार्यसम्पादन स्तरलाई मानकका रूपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। सरकारबाट सम्पादित क्रियाकलाप र खर्च प्रकृया पारदर्शी बनाइनेछ । प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमहरूको प्रभाव मूल्याङ्कनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

३०६. प्रदेश सुशासन र समृद्धिका प्रयासलाई एकीकृत, चुस्त र जवाफदेहीपूर्ण बनाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीमा संस्थागत व्यवस्था गरी सेवा प्रवाह र कार्यसम्पादन स्तरलाई गुणस्तरीय बनाइनेछ। प्रदेश र स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुने जनप्रतिनिधि र कर्मचारीहरूको ज्ञान सीप, क्षमता र दक्षता अभिवृद्धिका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३०७. आगामी आर्थिक वर्षमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। सूचना प्रविधिको प्रयोगमार्फत राजस्व संकलनलाई थप पारदर्शी तथा प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

३०८. प्रदेशको आर्थिक तथा वित्तीय व्यवस्थालाई थप प्रभावकारी बनाउन र आर्थिक एवम् वित्तीय उत्तरदायित्वलाई थप संस्थागत गर्न आगामी आर्थिक वर्षमा प्रदेश आर्थिक कार्यविधि ऐनलाई विस्थापन गरी नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक प्रदेश सभामा प्रस्तुत गर्ने व्यवस्था मिलाएको छु।

३०९. लेखा परीक्षणबाट औंल्याइएका बेरूजु फछ्र्यौट गर्न आगामी आर्थिक वर्षमा विशेष अभियान सञ्चालनमा ल्याइनेछ। बेरूजुको अंकलाई न्यूनतम तुल्याई सबैभन्दा कम बेरूजु रहेको प्रदेशको रूपमा लुम्बिनी प्रदेशलाई स्थापित गर्ने कार्य अघि बढाएको छु।

३१०. सरकारी चालु खर्चमा मितव्ययी सिद्धान्त अपनाइनेछ। चालु खर्चमा निश्चित सीमा कायम राखी पुँजीगत खर्च बढाउने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

३११. बजेटमा उल्लेखित उद्देश्य पुरा गर्न तोकिएका प्राथमिकता र सिद्धान्तमा आधारित रही आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ४० अर्ब ९५ करोड ९७ लाख विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रू. १४ अर्ब ९३ करोड ७३ लाख ४३ हजार अर्थात् ३६.४७ प्रतिशत, पुँजीगततर्फ रू. २१ अर्ब

१७ करोड ९९ लाख ६१ हजार अर्थात् ५१.७१ प्रतिशत रहेको छ । स्थानीय तह वित्तीय हस्तान्तरणका लागि रू. ४ अर्ब ८४ करोड २३ लाख ९६ हजार विनियोजन गरेको छु ।कूल बजेटमा वित्तीय हस्तान्तरणको अंश ११.८२ प्रतिशत रहेको छ।

३१२. आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमका लागि खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रू. ४ अर्ब २९ करोड ५० लाख ५० हजार, राजश्व बाँडफाँटबाट रू. १३ अर्ब २० लाख, रोयल्टी बाँडफाँटबाट रू. १ अर्व १ लाख ५० हजार, वित्तीय समानीकरण अनुदानबाट रू. ८ अर्ब २ करोड ९७ लाख, सशर्त अनुदानबाट रू. ६ अर्ब २३ करोड ३ लाख, समपूरक अनुदानबाट रू. ७२ करोड १६ लाख, विशेष अनुदानबाट रू. ६३ करोड ४९ लाख र चालु आर्थिक वर्षको वचत रकमबाट रू. ७ अर्ब ५ करोड रहने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**राजश्व परिचालनको नीति तथा कार्यक्रम**

३१३. एकातर्फ खर्चको बढ्दो आवश्यकता र अर्कोतर्फ कोभिड-१९ का कारण अर्थतन्त्रमा उत्पन्न संकुचनका बीच राजश्व परिचालन चुनौतीपूर्ण बन्दै गइरहेको विषयमा माननीय सदस्यहरू जानकार नै हुनुहुन्छ। यस पृष्ठभूमिमा रहेर आर्थिक वर्ष २०७८/०७९ मा राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

३१४. नेपालको संविधानमा उल्लेखित प्रदेश सरकारको आर्थिक अधिकारहरू प्रयोग गर्दै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५; प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ समेतको आधारमा श्रोत साधन परिचालन गर्ने प्रबन्ध गरेको छु। यस अन्तर्गत अधिकांश कर तथा शुल्क सम्बन्धी अधिकारहरू प्रदेश र स्थानीय तह बीच साझा अधिकारको रूपमा रहेको सन्दर्भमा कर तिर्ने जनतालाई झन्झट नहोस् भन्नाका लागि एकल कर प्रशासन सञ्चालन हुने व्यवस्था मिलाइएको छ। साझा करहरूलाई प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तह बीच समयमै बाँडफाँट हुने व्यवस्था मिलाएको छु।

३१५. दर निर्धारण तथा संकलन दुवै कार्य प्रदेश सरकारबाट हुने सवारी साधन कर संकलन तथा बाँडफाँटलाई राजश्व परामर्श समितिको सुझाव तथा सिफारिस समेतको आधारमा थप प्रभावकारी बनाउने कार्य आगामी आर्थिक वर्षमा अघि बढाइनेछ। अन्य प्रदेशमा दर्ता भई यस प्रदेशमा सञ्चालन हुने सवारी साधन कर प्रदेश र प्रदेश भित्रका स्थानीय तहले प्राप्त गर्न सक्ने व्यवस्था गर्न आगामी आर्थिक वर्षमा संघीय सरकार तथा अन्य प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढ्ने व्यवस्था मिलाएको छु। सवारी साधन तथा नवीकरण प्रकृयालाई थप सरलीकृत गर्नुका साथै यस सम्बन्धी करका दरहरू यथावत राखेको छु।

३१६. घरजग्गा कारोबारको सम्बन्धमा कारोवार मूल्य र लिखतमा उल्लेखित मूल्यबीच ठूलो अन्तर रहने कुरामा प्रदेश सरकार सचेत रहेको छ। घरजग्गा रजिष्ट्रेशन शुल्कवापत प्राप्त हुने रकम घरजग्गाको न्यूनतम मूल्याङ्कनमा निर्भर हुने भएकोले यस्तो मूल्याङ्कनलाई व्यवस्थित गर्न प्रदेश कर तथा गैरकर सम्बन्धी ऐनले दिएको अधिकार प्रयोग गरी हालै मात्र प्रदेश सरकारले घरजग्गा न्यूनतम मूल्य निर्धारण नियमावली, २०७८ स्वीकृत गरेको छ। आगामी आर्थिक वर्षमा यस नियमावलीको प्रभावकारी कार्यान्वयनमार्फत घरजग्गाको मूल्याङ्कनलाई यथासम्भव वास्तविक कारोवार मुताविक हुने व्यवस्था मिलाएको छु। यस प्रकारको व्यवस्थाबाट आगामी आर्थिक वर्षमा थप राजश्व परिचालन हुने अनुमान गरेको छु।

३१७. मनोरञ्जन करको दायरा बढाउन आगामी आर्थिक वर्षमा सबै प्रकारका मनोरञ्जनजन्य क्रियाकलापहरूलाई करको दायरामा ल्याइनेछ। स्थानीय तहको सहकार्य र समन्वयमा कर संकलन तथा परिचालनलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

३१८. स्थानीय तहबाटै दर निर्धारण तथा संकलन हुने विज्ञापन करको दायरा विस्तार गर्ने सम्भावना रहेको व्यहोरा राजश्व परामर्श समितिको प्रतिवेदनमा उल्लेख छ। तसर्थ आगामी आर्थिक वर्षमा सबै प्रकारका विज्ञापनजन्य गतिविधिलाई करको दायरामा ल्याउन विज्ञापन कर सम्बन्धी अध्ययन विश्लेषण गर्ने गराउने र आवश्यक कानूनको मस्यौदा तयार गरी प्रदेश सभामा पेश हुने प्रबन्ध गरेको छु।

३१९. नदीजन्य प्रदार्थको व्यवस्थित संकलन तथा बिक्रीबाट थप राजश्व परिचालन हुनसक्ने कुरामा प्रदेश सरकार विश्वस्त छ। यस क्षेत्रमा रहेका गलत अभ्यासहरूलाई प्रभावकारी रूपमा नियन्त्रण गरी उपभोक्ताले तिरेको मूल्यको अधिकांश हिस्सा प्रदेश र स्थानीय

तहबीच बाडफाँट हुने खातामा जम्मा हुने व्यवस्थाका लागि आगामी आर्थिक वर्षमा यस सम्बन्धी विधेयक प्रदेश सभासमक्ष पेश गर्ने व्यवस्था मिलाएको छु। नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तर समेतको बिक्रीबाट आगामी आर्थिक वर्षमा प्रदेश सरकारलाई रू. १ अर्ब भन्दा बढी आय प्राप्त हुने अनुमान गरेको छु।

३२०. वनक्षेत्रलाई प्रदेश सरकारको आयश्रोतको प्रमुख क्षेत्र बनाउने गरी आगामी आर्थिक वर्षमा वन सम्बन्धी विधेयक प्रदेश सभामा पेश हुने व्यवस्था मिलाएको छु। खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम समेतबाट आगामी आर्थिक वर्षमा थप आय प्राप्त हुने व्यवस्था मिलाइएको छ। हाल बिक्री वितरण रोक्का भएको काठ दाउराको लिलाम बिक्री गर्ने कार्य संघीय सरकारसँगको समन्वयमा आगामी आर्थिक वर्षमा शुरू गरिने छ। यसका साथै राष्ट्रिय वनभित्र जनताको जीविकोपार्जन, रोजगारी र प्रदेश सरकारको आय आर्जन बढ्ने विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षमा वनक्षेत्रबाट करिब रू.१ अर्ब आय प्राप्त हुने अनुमान गरेको छु।

३२१. प्रदेशको लागि आवश्यक श्रोत साधनको प्रबन्ध गर्ने सन्दर्भमा संघीय सरकारप्रतिको हालको अत्यधिक निर्भरता घटाई आत्मनिर्भर प्रदेश अर्थतन्त्र निर्माणका लागि केवल कर, दस्तुर र सेवा शुल्क संकलनमा सीमित नरही विभिन्न प्रकारका एकाधिकार प्रकृतिका आयमूलक कार्यक्रम प्रदेश सरकारको तर्फबाट सञ्चालन गर्ने सम्भावनाहरू खोजी गरी आगामी आर्थिक वर्षमा त्यस्ता क्षेत्रमा लगानी गर्न शुरू गर्ने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश सरकारको तर्फबाट आगामी आर्थिक वर्षमा उपलब्ध गराइने विभिन्न प्रकारका छुट एवम् सुविधाहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**छुट एवम् सुविधा**

३२२. कोभिड-१९ को कारण आर्थिक गतिविधिमा आएको संकुचनसँगै प्रदेश सरकारको राजश्व परिचालन एवम् श्रोत व्यवस्थापनमा चुनौती थपिएको छ। तर पनि कोभिडको असरले प्रत्येक वर्ग, क्षेत्र र समुदायमा पारेको असरलाई न्यूनीकरण गर्ने सन्दर्भमा प्रदेश सरकारको तर्फबाट विभिन्न प्रकारका छुट एवम् सुविधाहरू उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३२३. कोभिड-१९को कारणले बाबुआमाको मृत्यु भई छोराछोरीहरूमा हस्तान्तरण हुने सम्पत्ति मध्ये घरजग्गा रजिष्ट्रेशन गर्दा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

३२४. जलविद्युत उद्योग, सौर्य उर्जा चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडीबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा पचहत्तर प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु।

३२५. दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा सो मा लाग्ने राजस्व मिनाहा हुने व्यवस्था मिलाएको छु।

३२६. प्रदेशभित्र सुर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

३२७. प्रदेशभित्र कृषि ऋण, बिमा संस्थान, बिमा समितिबाट स्वीकृति प्राप्त बिमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट दिने व्यवस्था कायमै राखेको छु।

३२८. प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट दिने व्यवस्था मिलाएको छु।

३२९. सहकारी ऐन, २०७४ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरू बीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रूपैयाँ सम्मको थैली अङ्कमा रोक्का शुल्कबाहेक सेवा शुल्क छुट दिने व्यवस्था कायमै राखेको छु।

३३०. प्रचलित कानून बमोजिम बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका

लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्कबाहेक अन्य शुल्क नलाग्ने व्यवस्था मिलाएको छ।

३३१. जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट दिने व्यवस्था मिलाएको छ।

३३२. पूर्ण अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छ।

३३३. महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा प्रचलित कानून बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट र एकल महिलाको हकमा भने पैंतिस प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छ।

३३४. हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्ने व्यवस्थालाई कायमै राखेको छ।

३३५. ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था मिलाएको छ।

३३६. भूमिहीन मूक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट दिने व्यवस्था मिलाएको छ।

३३७. धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउँमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिने व्यवस्था कायमै राखेको छ।

३३८. सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको नाममा स्वामित्व प्राप्त हुने गरी पहाडी क्षेत्रमा २ रोपनी , तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क नियामक निकायको सिफारिसमा पूर्ण रूपमा छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु।

३३९. पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट पाउने व्यवस्था मिलाएको छु।

३४०. तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा छोडपत्रको दररेटको आधा शुल्क लाग्ने व्यवस्था गरेको छु।

३४१. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क नलाग्ने व्यवस्था मिलाएको छु।

३४२. कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहतका कुनै पनि निकाय वा सामुदायिक विद्यालयले खरिद गरि लिएमा वा लिलाम सकार गरेमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क नलाग्ने व्यवस्था मिलाएको छु।

३४३. वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरिद हुने जग्गाको लिखतमा पच्चिस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिने व्यवस्था गरेको छु।

३४४. चालु आर्थिक वर्षमा दिएका विभिन्न प्रकारका छुट तथा सहुलियतलाई निरन्तरता दिएको छु। यस्ता छुट तथा सुविधाहरू मध्ये कुनैपनि छुट तथा सुविधा घटाइएको वा हटाइएको छैन बरू केही थप गरेको छु।

**माननीय सभामुख महोदय,**

३४५. सरकारले जनताबाट श्रोत व्यवस्थापन गरी जनताकै लागि काम गर्ने हो। त्यसैले कर तथा शुल्कको कारण जनतामा न्यूनतम भार होस् साथै सरकार सञ्चालनका लागि

आवश्यक श्रोत प्रबन्ध गर्न सकियोस् भन्ने दुवै कुरा बीच सन्तुलन कायम गर्दै अगाडि बढ्न जरूरी छ। यस सन्दर्भमा विषय विज्ञहरू, निजी क्षेत्र लगायतका सम्वद्ध पक्षका साथै माननीय सदस्यहरूसँग जीवन्त अन्तरक्रिया गरी एउटा प्रष्ट रोडम्याप तयार गर्ने कार्य आगामी आर्थिक वर्षमा अघि बढाउने व्यवस्था मिलाएको छु।

**बजेट/कार्यक्रमका अपेक्षित उपलब्धि**

**माननीय सभामुख महोदय,**

३४६. मैले प्रस्तुत गरेको बजेट पूर्ण रूपमा कार्यान्वयन हुने विश्वास गरेको छु। यो बजेट पूर्ण रूपमा कार्यान्वयन हुँदा महत्वपूर्ण उपलब्धि हुने अपेक्षासमेत गरेको छु।

३४७. सबै भन्दा पहिलो कुरा यो बजेट पूर्ण रूपमा कार्यान्वयन गर्दा कोभिड-१९ को नियन्त्रण तथा उपचारको क्षमता वृद्धि हुनेछ। जसले गर्दा कुनैपनि प्रदेशवासी कोभिड परीक्षण एवम् उपचारबाट वञ्चित हुनुपर्ने छैन। कोभिड-१९ को तेश्रो भेरियन्ट नआओस् हाम्रो कामना छ तर आईहाले पनि त्यसको नियन्त्रण तथा उपचारमा हामी थप प्रभावकारी हुनेछौं। साथै आगामी आर्थिक वर्षभित्रै हामी प्रदेशवासी सबै नागरिकलाई खोप लगाउन सक्षम हुनेछौं।

३४८. स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच वृद्धि हुनेछ। आधारभूत स्वास्थ्य सेवा, सामान्य अप्रेशन लगायतका सेवाका लागि प्रत्येक जिल्लावासी नागरिकहरू आफ्नो जिल्ला छोडेर अन्यन्त्र जानुपर्ने छैन।

३४९. अब प्रत्येक कृषकले आफ्नो सम्भावना आंकलन गरी कृषि प्रविधिकसँगको सहकार्यमा आफ्नो कृषक योजना कार्यान्वयन गर्दै अगाडि बढ्ने स्थिति सिर्जना हुनेछ। कर्जा आवश्यक पर्नेले सुलभकर्जा पाउनेछन्। व्यवसाय गर्नेले विविध प्रकारका सुविधा र अनुदानहरू पाउनेछन्। कृषि क्षेत्रमा हामीले फड्को मार्नेछौं।

३५०. सीप सिक्न र उद्यम, पेशा वा रोजगारी गर्न चाहने कोही पनि युवाहरू अब विदेश जानुपर्ने छैन। हामीले इच्छुक सबैलाई गुणस्तरीय तालिम दिनेछौं र सिप परीक्षण गरी त्यस्ता युवाले गर्न सक्ने व्यवसाय पहिचान गर्ने वातावरण निर्माण गर्नेछौं।

३५१. प्रदेशमा सडक पूर्वाधारतर्फ १६१ कि.मि सडक कालोपत्रे हुनेछ भने ६६८ कि.मि. सडकको स्तरोन्नति हुनेछ। १५ वटा पालिका पहुँच मार्ग सम्पन्न हुनेछन्।

३५२. सतह सिँचाईतर्फ ८००० हेक्टरमा र भूमिगत सिँचाईतर्फ ३५०० हेक्टरमा गरी जम्मा ११५०० हेक्टरमा सिँचाई सुविधा विस्तार हुनेछ। अन्य थुप्रै सिँचाई संरचनाको निर्माण, सुधार एवम् मर्मत हुनेछ।

३५३. हामीले एक घर एक धाराको अभियानलाई थप अगाडि बढाउनेछौं। यसबाट थप दुई प्रतिशत जनतामा खानेपानीको पहुँच अभिवृद्धि भई कुल ९७ प्रतिशत जनतामा आधारभूत खानेपानी सुविधा विस्तार हुनेछ। वास योजना कार्यान्वयनमा उल्लेखनीय प्रगति हुनेछ।

३५४. प्रदेशका थप ८४० परिवारलाई जनता आवास कार्यक्रममार्फत पक्की घरमा बस्ने व्यवस्था हुनेछ।

३५५. प्रदेश सरकारको स्थायी राजधानीको विस्तृत शहरी योजना (Town Planning) निर्माण सम्पन्न हुनेछ। जग्गा प्राप्ति (Land Pooling) को कार्य सम्पन्न गरी सरकारी भवन लगायत अन्य पूर्वाधार निर्माणको कार्य शुरू हुनेछ।

३५६. प्रदेश विश्वविद्यालय स्थापना हुनेछ। हामी प्रदेश विश्वविद्यालयका आवश्यक पूर्वाधार निर्माणका कार्यमा अगाडि बढ्नेछौं।

३५७. प्रदेशका विभिन्न सडकमा पर्ने ८३ सडक पुल र विभिन्न स्थानलाई जोड्ने १३ झोलुङ्गे पुलको निर्माण सम्पन्न भई यी पूर्वाधारबाट प्रदेशवासी जनताहरू लाभान्वित हुनेछन्।

३५८. प्रदेशका सबै जिल्लामा ५० शैय्याका अस्पतालहरू सञ्चालनमा आउनेछन्। लुम्बिनी प्रदेशको बुटवलमा अत्याधुनिक लुम्बिनी प्रादेशिक अस्पतालको निर्माण कार्य प्रारम्भ हुनेछ।

३५९. प्रदेशको कार्य क्षेत्रमा हामी एक दर्जन भन्दा बढी ऐन र ती ऐन अन्तर्गत नियमहरू निर्माण गरी संघीयता कार्यान्वयन र प्रदेशको अधिकार प्रयोगमा एक कदम अगाडि बढ्ने छौं । थुप्रै विषयहरू कानून बमोजिम व्यवस्थित र सञ्चालित हुनेछन्।

३६०. सरकार, प्रतिपक्ष, जनप्रतिनिधि, योजनाविद् एवम् सम्बन्धित सबैको संलग्नतामा बीस वर्षे दीर्घकालीन योजना निर्माण हुनेछ र सो योजनाले आगामी योजना तर्जुमा तथा बजेट विनियोजनलाई दिशानिर्देश गर्नेछ।

३६१. **प्रदेश लगानी सम्मेलन** भव्य रूपमा सम्पन्न हुनेछ र यस प्रदेशमा ठूलो परिमाणमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न हामी सफल हुनेछौं।

**माननीय सभामुख महोदय,**

३६२. हामीले हालसम्ममा आर्थिक वर्ष २०७४/०७५ मा आंशिक र त्यसपछिका तीन आर्थिक वर्षमा पूर्ण बजेट गरी झन्डै चारवटा बजेट निर्माण गरिसक्यौं। त्यसैले योजना तर्जुमा र बजेट निर्माणमा हामीले धेरै कुरा अनुभव गऱ्यौं, थुप्रै कुरा सिक्यौं र केही क्षेत्रमा सुधार गर्नुपर्ने अनुभव समेत गऱ्यौं। यसर्थ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा हालसम्मका अनुभव र नयाँ सिकाइलाई संस्थागत गर्दै योजना तर्जुमा, बजेट विनियोजन र कार्यान्वयनमा थप दक्षता हासिल गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

३६३. प्रस्तुत बजेट राम्ररी कार्यान्वयन हुँदा हासिल हुने विषयहरू थुप्रै छन्। मैले उल्लेख गरेका विषयहरू केही सांकेतिक मात्र हुन्।

३६४. नेपालमा राम्रा नीति, योजना र कार्यक्रम निर्माण हुन्छन् तर कार्यान्वयन पक्ष थप प्रभावकारी हुन आवश्यक छ। बजेट तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारले थप पहल गर्नुपर्छ भने विपक्षी दल, जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारजगत सबैले रचनात्मक सहयोग गर्नुपर्छ।

**माननीय सभामुख महोदय,**

३६५. प्रदेशमा हुने विकासको प्रतिफलबाट सबै प्रदेशवासीहरू लाभान्वित भइरहेका छन्। प्रस्तुत बजेट पूर्ण रूपमा कार्यान्वयन गर्न सरकार अहोरात्र खट्न तयार छ। त्यसैले बजेट कार्यान्वयनमा सरकारलाई आवश्यक सल्लाह, सुझाव र सहयोगको लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु।

३६६. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख, राजनीतिक दलका नेताहरू र प्रदेश सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव र सहयोग गर्नुहुने राजनीतिक दल, अर्थविद्, निजीक्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक एवम् आम सञ्चारजगत लगायत सम्पूर्ण प्रदेशवासी दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद

# अनुसूचीहरू

# आय व्ययको विवरण

अनुसूची - १

## आर्थिक बर्ष २०७८/७९

(रू.हजारमा )

| शीर्षक | २०७६/७७ को यथार्थ | २०७७/७८ को संशोधित अनुमान | २०७८/७९ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| राजस्व तथा अनुदान | ३३,७८,७८,१६ | ३६,३४,५९,३५ | ४०,९५,९७,०० | | | |
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | **१७,७१,९३,३८** | **२२,२०,१९,३५** | **२५,३४,७२,००** | **२५,३४,७२,००** | | |
| **राजस्व** | **१७,७१,९३,३८** | **२२,२०,१९,३५** | **२५,३४,७२,००** | **२५,३४,७२,००** | | |
| कर | ८,६०,२६,०३ | ११,०१,७३,५० | १३,००,२१,०० | १३,००,२१,०० | | |
| अन्य राजस्व | १,१९,८१,७८ | १,६०,९८,४१ | ३,६७,९३,५० | ३,६७,९३,५० | | |
| बिबिध प्राप्ति | ७,९१,८५,५७ | ९,५७,४७,४४ | ८,६६,५७,५० | ८,६६,५७,५० | | |
| जम्मा अनुदान | **१६,०६,८४,७८** | **१४,१४,४०,००** | **१५,६१,२५,००** | **०** | **१५,०९,०२,००** | **५२,२३,००** |
| **अनुदान** | **१६,०६,८४,७८** | **१४,१४,४०,००** | **१५,६१,२५,००** | **०** | **१५,०९,०२,००** | **५२,२३,००** |
| अनुदान | १६,०६,८४,७८ | १४,१४,४०,०० | १५,६१,२५,०० | ० | १५,०९,०२,०० | ५२,२३,०० |
| खर्च | **२५,४०,७०,७२** | **२९,२९,५९,३५** | **४०,९५,९७,००** | **२५,३४,७२,००** | **१५,०९,०२,००** | **५२,२३,००** |
| **चालु** | **१०,६८,५७,५९** | **१४,५६,१४,३१** | **१९,७७,९७,३९** | **१६,०९,३७,३९** | **३,१८,४४,००** | **५०,१६,००** |
| पारिश्रमिक / सुविधा | २,१४,३६,५१ | २,१३,१८,१४ | २,७६,४३,७८ | २,४६,३०,६५ | २३,९२,०१ | ६,२१,१२ |
| मालसामान तथा सेवाको उपयोग | २,०२,७६,५२ | ४,७३,१६,६८ | ६,३१,६९,३९ | ३,६१,६१,८१ | २,२६,२८,०८ | ४३,७९,५० |
| सहायता (Subsidy) | ३२,९८,३२ | ५७,५२,०० | ५५,८३,०० | ४४,४९,०० | ११,३४,०० | |
| अनुदान | ५,५४,१८,९६ | ६,८६,५९,६० | ६,६१,३८,९६ | ६,१२,३८,९६ | ४९,००,०० | |
| सामाजिक सुरक्षा | ६०,९३,२४ | २१,५१,७८ | २४,१५,१५ | १६,६५,८० | ७,४७,०७ | २,२८ |
| अन्य खर्च | ३,३४,०४ | ४,१६,११ | ३,२८,४७,११ | ३,२७,९१,१७ | ४२,८४ | १३,१० |
| **पूंजीगत खर्च** | **१४,७२,१३,१३** | **१४,७३,४५,०४** | **२१,१७,९९,६१** | **९,२५,३४,६१** | **११,९०,५८,००** | **२,०७,००** |
| पूँजीगत खर्च | १४,७२,१३,१३ | १४,७३,४५,०४ | २१,१७,९९,६१ | ९,२५,३४,६१ | ११,९०,५८,०० | २,०७,०० |
| **बजेट बचत (-) न्यून (+)** | **-८,३८,०७,४४** | **-७,०५,००,००** | **०** | **०** | **०** | **०** |
| वित्तीय व्यवस्था | | | | | | |
| **बचत (-) न्यून (+)** | **-८,३८,०७,४४** | **-७,०५,००,००** | **०** | **०** | **०** | **०** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक बर्ष २०७८/७९

अनुसूची -२

(रू.हजारमा )

| शीर्षक | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को संशोधित अनुमान | २०७८/७९ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ८,६०,२६,०३ | ११,०१,७३,५० | १३,००,२१,०० | १३,००,२१,०० | ० |
| आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर | ० | ८० | १,०० | १,०० | ० |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **८०** | **१,००** | **१,००** | **०** |
| ११११४ कृषि आयमा कर | ० | ८० | १,०० | १,०० | ० |
| सम्पत्ति कर | ८१,३६,७१ | ६०,००,०० | १,२५,००,०० | १,२५,००,०० | ० |
| **घरजग्गा रजिष्टेशन दस्तुर** | **८१,३६,७१** | **६०,००,००** | **१,२५,००,००** | **१,२५,००,००** | **०** |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ८१,३६,७१ | ६०,००,०० | १,२५,००,०० | १,२५,००,०० | ० |
| वस्तु तथा सेवामा आधारित कर | ७,७८,८९,३२ | १०,४१,७२,७० | ११,७५,२०,०० | ११,७५,२०,०० | ० |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **५,१७,१८,२३** | **५,६८,०६,२०** | **६,७२,०७,००** | **६,७२,०७,००** | **०** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,१७,१८,२३ | ५,६८,०६,२० | ६,७२,०७,०० | ६,७२,०७,०० | ० |
| **अन्तः शुल्क** | **१,५०,०९,३४** | **२,९३,४९,५०** | **२,८१,३८,००** | **२,८१,३८,००** | **०** |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,५०,०९,३४ | २,९३,४९,५० | २,८१,३८,०० | २,८१,३८,०० | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **१,११,२७,४६** | **१,८०,००,००** | **२,२०,००,००** | **२,२०,००,००** | **०** |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,११,२७,४६ | १,८०,००,०० | २,२०,००,०० | २,२०,००,०० | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **३४,२९** | **१७,००** | **१,७५,००** | **१,७५,००** | **०** |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | २,५० | ५,०० | ७५,०० | ७५,०० | ० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३१,७९ | १२,०० | १,००,०० | १,००,०० | ० |
| अनुदान | १६,०६,८४,७८ | १४,१४,४०,०० | १५,६१,२५,०० | १५,६१,२५,०० | ० |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | १६,०६,८४,७८ | १४,१४,४०,०० | १५,६१,२५,०० | १५,६१,२५,०० | ० |
| **अन्तरसरकारी अनुदान** | **१६,०६,८४,७८** | **१४,१४,४०,००** | **१५,६१,२५,००** | **१५,६१,२५,००** | **०** |
| १३३११ समानिकरण अनुदान | ७,५४,०१,०० | ७,६३,७१,०० | ८,०२,५७,०० | ८,०२,५७,०० | ० |
